"स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी"

# मध्यमकालिन खर्च संरचना

## (२०८०/८१-२०८२/८३)

उर्लाबारी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| प्रकाशक | : | उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरङ |
| सम्पर्क | : | फोन: ०२१ – ५४१५१८, ५४०५४९, ५४०००३<br>इमेल: **info@urlabarimun.gov.np**, urlabarinagarpalika@gmail.com<br>वेवसाइट **https://urlabarimun.gov.np/** |
| सर्वाधिकार © | : | प्रकाशकमा |
| प्रकासन मिति | : | २०८० |
| प्राविधिक सहयोग | : | पाथिभरा अनुसन्धान सेवा तथा परामर्श सेवा, ताप्लेजुङ |

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन्। मध्मकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। यसले स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो। मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ। यसै सन्दर्भमा स्थानीय तहमा मध्यमकालीन खर्च संरचना तर्जुमाको आवश्यकता, ढाँचा तथा प्रक्रियालाई सरलीकृत एवम् स्थानीय तहको सान्दर्भिकतालाई ध्यानमा राखी यो दिग्दर्शन तयार गरिएको छ। यस दिग्दर्शनको कार्यान्वयनबाट स्थानीय तहलाई मध्यमकालीन खर्च संरचना तयार गर्न ढाँचा र प्रक्रियागत एकरुपता कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

आर्थिक वर्ष २०७९/८० को हकमा विनियोजित बजेटअनुरूप नै र आगामी दुई आर्थिक वर्षको हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध स्रोत साधन र खर्च गर्ने क्षमतालाई आधार मानी बजेट प्रक्षेपण गरिएको छ। यो प्रक्षेपणले प्रदेशका सबै मन्त्रालय तथा निकायलाई आगामी वर्षको बजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचनाको सीमाभित्र बस्न अनिवार्य गराउनुका साथै बहुवर्षीय योजनाहरूको स्रोत सुनिश्चितताको हकमा पनि यो सीमा लागू हुन्छ।

## १.२ अवधारणा तथा उद्देश्य

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको छ।

चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका निर्धारण गरिएको छ। नगरपालिकालाई सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाकातयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका तयार गरिएको छ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिएको छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गरिएको छ। यसप्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

मध्यमकालीन खर्च संरचनाका उद्देश्य निम्नानुसार छन् :

क. सार्वजनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्नका लागि सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्ने।

ख. सरकारको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न स्रोत र साधनको विनियोजन प्रक्रियाको पुनः संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँट गर्ने।

ग. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने।

घ. सम्बन्धित मन्त्रालयको बजेट अनुमान वास्तविक बनाउने।

## १.३ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना तर्जुमामा देहाय बमोजिम संस्थागत व्यवस्था गरिएको छ :

क. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको समितिले गर्नेछ। मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,

(ख) प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्र र उपक्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने,

(ग) आयोजना तथा कार्यक्रम छनौट तथा प्राथमिकता निर्धारणका आधार तथा प्रक्रिया एवम् बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन तयार गर्ने,

(घ) बजेट सीमा तथा मार्गदर्शन स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ङ) मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्ने।

## ख. मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल

मध्यमकालीन खर्च संरचना तयारीको लागि देहायबमोजिम गठित कार्यदलले मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने एवम् विषय उपक्षेत्रगत रुपमा तयार मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत रूपमा एकीकृत गरी विषयगत समिति समक्ष पेश गरेको थियो।

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) विभाग/महाशाखा/शाखा प्रमुखहरू — सदस्य

(ग) योजना महाशाखा प्रमुख — सदस्य सचिव

## ग. विषयगत योजना तर्जुमा समिति

मध्यमकालीन खर्च संरचना तर्जुमाको सन्दर्भमा विषयगत समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणका निर्धारित आधार, प्रक्रिया एवम् प्राप्त बजेट सीमा र मार्गदर्शन अनुसार बजेट, कार्यक्रम तथा आयोजना प्रस्ताव भए नभएको यकिन गर्ने,

(ख) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने,

(ग) विषय क्षेत्रगत रूपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई अन्तिम रुप दिई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने।

## घ. बजेट तथा कार्यक्रम तर्जुमा समिति

मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विषयगत समितिबाट पेश भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी स्वीकृत बजेट सीमा तथा मार्गदर्शन अनुरुप भए नभएको एकिन गर्ने,

(ख) स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता एवम् चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विषय क्षेत्रगत सन्तुलन कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण भए नभएको एकीन गर्ने,

(ग) विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी स्थानीय आर्थिक खाका तयार गर्ने,

(घ) स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोतपुस्तिकालाई आधार लिई विषय उपक्षेत्रगत रुपमा तयार भएको त्रिवर्षिय खर्च तथा स्रोत अनुमानको आधारमा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा गर्ने,

(ङ) स्थानीय आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकलाई आधार मानी विषय उपक्षेत्रगत रुपमा तयार भएको नतिजा खाकाको आधारमा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्ने,

(च) मध्यमकालीन खर्च संरचना दस्तावेजलाई अन्तिम रूप दिई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्ने।

## १.४ मध्यमकालीन खर्च संरचनाको अभ्यास

मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयनको सुरुवात नेपालको दसौं आवधिक योजनादेखि भएको हो। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा बनेको विधेयक तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयनलाई अनिवार्य गरेको हुनाले उर्लाबारी नगरपालिकाले यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको हो।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्य नगरपालिकाको लागि नवीन अभ्यास हो। यसका लागि सर्वप्रथम संरचनाको आवश्यकता, महत्व र प्रक्रियागत चरणहरूका बारेमा सम्बद्ध सरोकारवालाहरू स्पष्ट हुन आवश्यक हुन्छ। सोको लागि कार्यपालिकाका सदस्य, विषयगत समितिका पदाधिकारी सहित महाशाखा/शाखाका प्रमुखहरूलाई अभिमुखीकरण गरिएको थियो। मध्यमकालीन खर्च संरचना तयारीका सम्बन्धमा अवलम्वन गरिएका प्रक्रियागत चरणहरू देहायबमोजिम रहेका छन्ः

### क. चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा

नगरपालिकाले हरेक आर्थिक वर्षको बैशाख ७ गतेभित्र चालु आवधिक योजना; मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट; कार्यक्रमको लक्ष्य र उपलब्धिको आधारमा स्थानीय आर्थिक तथा सामाजिक परिसूचक समावेश भएको आर्थिक सर्वेक्षण तयार गरिएको थियो। यस्तो आर्थिक सर्वेक्षणको ढाँचा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराउन सक्नेछ। मन्त्रालयबाट ढाँचा उपलब्ध नभएसम्म विषय क्षेत्रगत रूपमा उपलब्धि विवरण तयार भएको थियो। यसरी तयार भएको आर्थिक सर्वेक्षण वा उपलब्धि विवरणका आधारमा आवधिक योजनाका लक्ष्य, उद्देश्य र प्राथमिकता तथा वार्षिक विकास कार्यक्रम कार्यान्वयनको अवस्था समेतलाई विश्लेषण गरी समीक्षा प्रतिवेदन तयार गरिएको छ।

समीक्षा प्रतिवेदन तयार गर्दा योजना महाशाखा/शाखाले कार्यपालिका, विषयगत महाशाखा/शाखा, वडा कार्यालयहरुसँग समेत छलफल गरिएको छ।

## ख. त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आकलन

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले राजस्व परामर्श समितिद्वारा पेश गरिएको प्रतिवेदनलाई मध्यनजर गरी नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा भएको अवस्थामा सोको प्रक्षेपणको आधारमा र त्यस्तो योजना नभएको अवस्थामा विगत वर्षहरूको वास्तविक आन्तरिक आयको प्रवृत्ति विश्लेषण गरी आन्तरिक आयको प्रक्षेपण गर्नु पर्ने प्रावधानको पालाना गरिएको छ।

त्यसैगरी सङ्घ तथा प्रदेशबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको हकमा प्राप्त बजेट सीमामा आधारित भई स्रोत अनुमान एवम् प्रक्षेपण गर्नु पर्ने र विशेष अनुदान तथा समपुरक अनुदानको हकमा प्रस्तावित आयोजनालाई आधार मान्नु पर्ने व्यवस्था अवलम्बन गरिएको छ साथै नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रकमको प्रक्षेपण गर्दा विगत वर्षहरूमा प्राप्त भएको रोयल्टी रकमलाई आधार मानिएको छ। ऋण सहायता, जनसहभागिता तथा अन्तर स्थानीय तह साझेदारी बापत परिचालन हुनसक्ने स्रोतको हकमा क्रमशः ऋण सम्झौता, विगत वर्षको जनसहभागिताको रकमको प्रवृत्ति र नगरपालिकाको जनसहभागिता परिचालन नीति एवम् अन्य स्थानीय तहसँग भएको समझदारीका आधारमा प्रक्षेपण गरिएको छ। गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र मध्यमकालीन खर्च संरचना एवम् विषय क्षेत्र/उपक्षेत्रगत खर्चको आवश्यकताको आधारमा कुल खर्च आवश्यकताको आकलन तथा प्रक्षेपण गरिएको छ।

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आन्तरिक तथा बाह्य वित्तीय साधनको सम्भावना, राजस्व तथा व्ययको प्रक्षेपण र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको आय व्ययको अनुमान तथा थप दुई आर्थिक वर्षको खर्च तथा स्रोत प्रक्षेपण गरिएको छ।

## ग. बजेट सीमा निर्धारण तथा बाँडफाँट

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन वर्षको कुल स्रोत तथा खर्चको प्रक्षेपणको आधारमा बजेट सीमा निर्धारण गरिएको र बजेट सीमा निर्धारण तथा स्रोतको बाँडफाँट गर्दा आवधिक योजना र विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजनाको प्राथमिकता, लक्ष्य तथा अपेक्षित नतिजालाई आधार मानिएको छ। यसैगरी क्रमागत वा बहुवर्षिय कार्यक्रम तथा आयोजना, आयोजना बैङ्कमा सूचीकृत भएका आयोजना, सम्भाव्यता अध्ययन वा लागत एकीन भएका कार्यक्रम र विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना समेत समावेश हुने गरी उपक्षेत्रगत रूपमा स्रोतको बाँडफाँट समेत भएको छ।

वडास्तरीय आयोजना तथा कार्यक्रमको लागि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४ दफा ४.८ को बुँदा नम्बर २.४ मा तोकिएका आधार बमोजिम बजेट सीमा निर्धारण

गरिएको छ। नगर गौरवका आयोजना तथा कार्यक्रम हकमा छुट्टै बजेट सीमा निर्धारण गरी उपलब्ध गराउने वा यस्ता आयोजना तथा कार्यक्रमको स्रोत सम्बन्धित विषय उपक्षेत्रको बजेट सीमाभित्र पर्ने गरी Earmark सीमा निर्धारण गरिएको छ।

## घ बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन आर्थिक वर्षको कुल स्रोत तथा खर्चको अनुमान एवम् प्रक्षेपण, विषय क्षेत्र/उपक्षेत्रगत बजेट सीमा र मार्गदर्शन उपर कार्यपालिकाले छलफल गरी स्वीकृत भएको छ। यसरी स्वीकृत भएको खर्च अनुमानमा चालु, पुँजीगत र वित्तीय व्यवस्था सम्बन्धी खर्चको अनुमान र बजेटको स्रोत समावेश भएको र मार्गदर्शनमा आगामी ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनुपर्ने तथा पूरा गर्नुपर्ने शर्तहरू समावेश भएका छन्।

यसरी बजेट सीमा तथा मार्गदर्शन पठाउँदा वडा कार्यालयको हकमा विषयक्षेत्रगत सीमा निर्धारण गर्न वा कुनै विषय क्षेत्रमा मात्र बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुपर्ने भएमा सो व्यहोरा मार्गदर्शनमा स्पष्ट रूपमा खुलाएर पठाउनु पर्ने व्यवस्थाको पालाना भएको छ। स्थानीय तहको गौरवका आयोजनाका लागि छुट्टै बजेट सीमा निर्धारण गरिएको र Earmark गरिएक आयोजना र कार्यक्रमहरुलाई स्रोत समेत स्पष्ट रुपमा खुलाईएको छ। यसैगरी विशेष प्राथमिकतामा परेको विषय क्षेत्र/उपक्षेत्र वा क्रमागत कार्यक्रम तथा आयोजनालाई बजेट सुनिश्चित (Earmark) गर्नुपर्ने व्यवस्था अनुसार विषयगत महाशाखा/शाखा वा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन पठाउँदा सो समेत खुलाइएको छ।

## ङ विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी

प्राप्त बजेट सीमा र मार्गदर्शन भित्र रही सम्बन्धित विषयगत महाशाखा/शाखाले उपक्षेत्रगत मध्यमकालीन खर्च रचनाको प्रारम्भिक मस्यौदाका लागि विवरण तयार गरिएको र यस्तो विवरण तयार गर्दा गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र चालु मध्यमकालीन खर्च संरचनाको आधारमा आगामी आर्थिक वर्ष (बजेट वर्ष) र थप दुई आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रक्षेपण गरिएको छ।

उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको विवरण तयार गर्दा सर्वप्रथम आगामी तीन वर्षमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनागत विवरण तयार भएको छ। तर स्थानीय तहमा कार्यक्रमगत रूपमा बजेट तयार गर्ने पद्धति अवलम्बन नभएसम्मका लागि आयोजना बैङ्कमा समावेश भएका, विस्तृत परियोजना प्रतिवेदन तयार भएका तथा कूल लागत एकीन भएका क्रमागत अथवा बहुवर्षीय आयोजनाको हकमा आयोजनागत रूपमा र अन्यको हकमा उपक्षेत्रगत रूपमा कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तयार गरिएको छ।

आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण तयारीको क्रममा कूल लागत उल्लेख गर्दा आयोजना बैङ्कमा समावेश भएका, विस्तृत आयोजना प्रतिवेदन तयार भएका तथा कूल लागत एकिन भएका क्रमागत वा वहुवर्षीय आयोजनाहरूको हकमा सोही अनुसार उल्लेख गरिएको र लागत अनुमान तयार नभैसकेका आयोजनाको हकमा प्रति एकाइ लागतका आधारमा कूल लागत एकीन गरिएको छ। साथै सालबसाली कार्यक्रम वा उपक्षेत्रगत रूपमा लागत अनुमान एकीन गर्दा प्राप्त बजेट

सीमाको आधारमा गरिएको छ। यसरी एकीन गरिएको कुल लागतसमेतको आधारमा कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण तयार भएको छ।

### च. विषयगत समितिमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल

कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा र आगामी आर्थिक वर्षको बजेटमाथि सम्बन्धित विषयगत समितिमा दफावार छलफल गरिएको छ। यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति र स्थानीय तहको अधिकार क्षेत्र), राष्ट्रिय दीर्घकालीन सोच, दिगो विकास लक्ष्य, राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको आवधिक योजना, नगरपालिकाको आवश्यकता र सम्भावनाका आधारमा छनौट गरिएका कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणलाई ध्यान दिईएको छ। विषयगत समितिमा भएको छलफलबाट तयार भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष पेश भएको छ।

### छ मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी

विषयगत समितिबाट पेश भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई एकीकृत गरी समष्टिगत नतिजा खाका, बजेट खाका र आर्थिक खाका एवम् आगामी तीन आर्थिक वर्षको खर्चको अनुमान र प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गरेको छ। स्थानीय आर्थिक खाकामा आवधिक योजना लक्ष्य उद्देश्यसँग तालमेल हुने गरी स्थानीय उत्पादन, रोजगारी, आय र लगानी लगायतका समष्टिगत आर्थिक परिसूचकहरू समावेश भएको छ।

# परिच्छेद २

# मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/८१-२०८२/८३)

## २.१ पृष्ठभूमि

दीर्घकालीन राष्ट्रिय सोच “समृद्ध नेपाल, सुखी नेपाली”, प्रादेशिक दीर्घकालीन सोच “स्वच्छ, सुखी र समुन्नत प्रदेश” र नगरपालिकाको दीर्घकालीन सोच स्वच्छ, समृद्ध र समतामुलक उर्लाबारी अवधारणा सहित मध्यमकालीन खर्च संरचना तयार भएको छ।

**“स्वच्छ, समृद्ध र समतामुलक उर्लाबारी”** नगरपालिकाको दीर्घकालीन सोचका तिन आधार स्तम्भ निर्धारण गरिएको छ। "स्वच्छ" तर्फ तिन वटा, “समृद्ध” तर्फ तिन वटा तथा “समतामुलक” तर्फ तिन वटा आधार स्तम्भ रहेका छन्।

## २.२ नगरपालिका दीर्घकालीन सोच

“स्वच्छ, समृद्ध र समतामुलक उर्लाबारी”

## २.३ दीर्घकालीन सोचका आधार स्तम्भ

दीर्घकालीन सोचलाई देहाय बमोजिम ३ मूल स्तम्भका तिन आधार स्तम्भमा वर्गीकरण गरिएको छः

**तालिका नं. २.१ः दीर्घकालीन सोचका आधार स्तम्भ**

| आधार स्तम्भ | स्वच्छ | समृद्ध | समतामुलक |
|---|---|---|---|
| प्राथमिकताका क्षेत्र | खानेपानि तथा सरफाइ | भौतिक पूर्वाधार विकास | संस्थागत सुशासन |
| | वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापन | आर्थिक विकास | सामाजिक विकास |
| | स्वास्थ्य | श्रम रोजगार तथा उधोग प्रवर्द्धन | न्यायमा पंहुच |

## २.४ नगरपालिकाको समष्टिगत लक्ष्य

“जनतालाई श्रोत, साधन र अधिकार सम्पन्न बनाई सुशासन तथा विकासको अनुभूति हुने गरी कार्य सम्पादनमा प्रभावकारिता ल्याउने ”

## २.५ समष्टिगत उद्देश्य

१. आर्थिक सामाजिक रूपले स्थानीय वासिन्दाको जीवनस्तरको गुणस्तरमा सुधार ल्याउने।

२. नगरपालिकालाई सन्तुलितरुपले भौतिक पूर्वाधार सम्पन्न बनाउदै लैजाने।

३. सामाजिक विभेद र विकासको प्रतिफलको असमानुपातिक वितरणलाई हटाउने।

४. प्राविधिक शिक्षातर्फ विद्यार्थीको झुकाव बढाउने।

५. व्यपारिक, व्यवशायिक, औद्योगिक र रोजगारमूलक गतिविधिहरुलाइ बढावा दिने।

६. आर्थिक रुपले सवल बनाउन निवार्हमुखी कृषि परम्परालाई आधुनिक र व्यवसायिक कृषि प्रणालीद्वारा विस्थापित गर्ने।

७. नगरलाई स्वच्छ, सफा, हरियालीयुक्त र आर्कषक बनाउदै लैजाने।

८. न्यायपूर्ण र समावेशी सामाजको निर्माणमा जोड दिने।

## २.६ समष्टिगत रणनीति

१. नगरपालिकाको विकास सम्बन्धी अवधारणा स्थानीय स्तर सम्म पुयाउन प्रत्येक टोल-टोल र बस्तीहरुमा सामाजिक परिचालन मार्फत् मानव संसाधन निर्माण र सशक्तीकरण गर्ने यसका लागि स्थानीय युवालाई सामाजिक परिचालनमा सरिक गराउने।

२. आर्थिक उन्नतीका लागि गरिवी न्यूनीकरणका कार्यक्रमहरुमा लगानी बढाउनुका साथै प्रभावकारीताको आवधिक मूल्यांकन र आवश्यकता अनुसार परिमार्जन गर्ने।

३. महिला, बालब बालिका, असक्त, रोगी, वृद्ध र सीमान्कृत वर्गलाई लक्षित गरी कार्यक्रमहरु संचालन गर्ने।

४. आर्थिक रुपले विपन्न परिवार, अपाङ्ग र सीमान्तकृत वर्गका बालबालिकालाई निःशुल्क पठनपाठन गराउन नीजि, संस्थागत तथा समुदायीक विद्यालयहरुसंग सहकार्य गर्ने।

५. नगरपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, जनसहभागिता र संलग्नता बढाउदै लैजाने।

६ नगरपालिकामा विद्यमान अवसरहरु र अग्रणी क्षेत्रहरू शिक्षा, स्वास्थ्य, उद्योग, कृषि, आदिलाई विकासका सूचकको रुपमा लिई विशेष लगानीका क्षेत्रहरुको पहिचान गरी यी योजनाहरुलाई दिर्घकालिन योजनामा समाहित गर्दै लैजाने।

७ नगरपालिकाको समग्र विकासको लागि स्थानीय विकास निर्माण कार्यमा सम्पूर्ण सरकारी कार्यालय, संघ-संस्थासंग समन्वय र सहकार्य गर्दै जाने।

८ संघीय सरकार, प्रदेश सरकार तथा दातृ निकायको अनुदानमा मात्र आश्रित भएर दिगो विकासको लक्ष्य प्राप्ती सम्भव नहुने भएकाले निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी (Public Private Partnership- PPP Model ) को सिद्धान्त अनुरुप निजी क्षेत्रलाई पनि विकास निर्माणमा आकर्षित र प्रोत्साहन गर्दै जाने।

९. नगरपालिका विकास योजनाहरुलाई योजनाबद्ध ढंगले व्यवस्थित गर्दै लैजाने।

१० कृषकहरुको आयआर्जनमा वृद्धि गर्नका लागि आधुनिक कृषि औजारको प्रयोगमा अनुदान, तालिमको व्यवस्था गरिने।

११. स्थानीय स्तरमा वर्तमान टोल विकास संस्थाहरुलाई सेवा प्रवाह र विकास निर्माणका काममा सहयोगी संस्थाको रुपमा क्रियाशील बनाउने।

१२. नगरलाई स्वच्छ, सफा र आकर्षक बनाउन क्रियाकलापहरु संचालन गर्ने।

१३ न्यायपूर्ण र समावेशी सामाजको निर्माणका लागि अर्थपूर्णरुपले क्रियाकलापहरु संचालन गर्ने।

## २.४ मध्यमकालीन आर्थिक खाका

नगरपालिकाले लिएको “स्वच्छ, समृद्ध र समतामुलक उर्लाबारी” को सोच तथा “जनतालाई श्रोत, साधन र अधिकार सम्पन्न बनाई शुसासनको अनुभूति हुने गरी सेवा प्रवाहामा सुधार गर्ने। उद्देश्य हासिल गर्न केन्द्रित रहँदै यस नगरपालिकाको आगामी तीन वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार समष्टिगत लक्ष्यको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि प्रस्तुत गरिएको छ।

**तालिका नं. २.२: मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा | रुपैया | १६,९३८ (प्रति व्यक्ति) | १,८२,६८३ (प्रति व्यक्ति) | १,७७,२९७ | १,९५,०२६ | २,१४,५२८ |
| २ | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ५.८ | ५.८ | ५.८ | ५.९ | ६ |
| ३ | प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १४०७ | १४१० | १४५० | १५०० | १५५० |

*स्रोतः आर्थिक सर्वेक्षण २०७९/०८०*

आर्थिक वृद्धि दर आकलन गर्दा सङ्घ, प्रदेश र नगरपालिकाबाट बजेट तथा कार्यक्रमको कार्यान्वयन, ऊर्जा उपलब्धता, केही बृहत् आयोजना सम्पन्न हुने अवस्था, निर्माण क्षेत्रको तीव्र वृद्धि, व्यावसायिक कृषिमा बढ्दो आकर्षण, पर्यटक आगमनमा हुने वृद्धि आदिलाई आधार बनाइउनु पर्नेछ।

## २.५ मध्यमकालीन नतिजा खाका

संघीय सरकारको पन्ध्रौ योजना, कोशी प्रदेशको प्रथम आवधिक योजना तथा नगरपालिकाको प्रथम आवधिक योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। यो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८०/०८१ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान प्रथम आवधिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छः

**तालिका नं. २.३ः प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन नतिजा खाका**

| क्र.स. | सूचक/ लक्ष्य | एकाई | २०७८/७९ को उपलब्धि | २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ५.८ | ५.८ | ५.८ | ५.९ | ६ |
| २ | प्रति व्यक्ति वार्षिक आय | अमेरिकी डलर | १४०७ | १४१० | १४५० | १५०० | १५५० |
| ३ | साक्षरता (१५ बर्ष माथि) | प्रतिशत | ७८.६ | ८० | ८३ | ८५ | ८८ |
| ४ | माध्यमिक तहमा खुद भर्ना दर | प्रतिशत | ७४ | ७४.२ | ७७.४ | ७९.३ | |
| ५ | बाल कुपोषण दर (झाडा पखाला समेत) | संख्या | ३ | ३ | ० | ० | ० |
| ६ | सिँचाई योग्य भूमिमा सिँचाई | प्रतिशत | ९१ | ९२ | ९३ | ९४ | ९५ |
| ७ | मापदण्ड अनुसार वनेका आवास | प्रतिशत | - | - | - | - | - |
| ८ | खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ३६ | ४० | ४६ | ५५ | ६५ |
| ९ | वाह्रै महिना सञ्चालन हुने सडक | प्रतिशत | ८० | ८५ | ८९.२५ | ९३.७० | ९८.३८ |
| १० | रुख विरुवाले ढाकेको क्षेत्र | प्रतिशत | २ | २ | २.२ | २.५ | ३ |
| ११ | बैंक र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | ३० | ३० | २५ | २० | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | औषत आयु | बर्ष | ६९.२५ | ६९.२५ | ६९.३० | ६९.५० | ७० |
| १३ | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिर्पोटिङ गर्ने वडा | संख्या | १० | १० | १० | १० | १० |
| १४ | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९८ |
| १५ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा/एकाइ | प्रतिशत | ७५ | ८० | ८५ | ९० | १०० |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

## २.६ मध्यमकालीन बजेट खाका

प्रथम आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत एवम् विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिई नगरपालिकाको त्रिवर्षीय बजेट खाका तयार गरिएको छ। मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त गर्नका लागि आवश्यक हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ। विभिन्न खालको विपद्, जलवायु परिवर्तनजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ। विपद्ले सिर्जना गरेका विकासका अवसरहरुको उपयोग गर्ने खालका विकास कार्यक्रमको तर्जुमालाई प्राथमिता दिइएको छ।

नगर गौरवका आयाजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमको लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ।

आगामी आ.व.हरुका लागि स्रोत अनुमान तथा प्रक्षेपण गर्दा विगत आ.व.हरुको स्रोत संकलन, चालु आ.व.को अनुमान तथा जेठ मसान्तसम्मको संकलन, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त

अनुदानका सिलिङ्ग तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका रोयल्टी तथा राजस्व बाँडफाँटका दस्तावेजहरुलाई मुख्य आधारका रुपमा लिईएको छ।

## तालिका नं. २.४: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)

| क्र.स. | बजेटका स्रोतहरु | २०७८/७९ को यथार्थ | २०७९/८० को अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ अनुमान | २०८१/८२ प्रक्षेपण | २०८२/८३ प्रक्षेपण | |
| क | राजस्व तथा अनुदान | १३०५०४४४२४ | | | | | |
| १ | **आन्तरिक आय** | **२४,१५,४८,७३६** | **२९३८६३१६६** | **२५८६४६३७८** | **१२३३६७७००** | **१०९७०४४७०** | **४९१७१८५४८** |
| २ | **राजस्व बाँडफाँडबाट प्राप्त आय** | **१९,३४,६६,०७२** | **८३७२५१६५** | **२०७२३१२६०** | **२२७९५४३८६** | **२५०७४९८२४** | **६८५९३५४७०** |
| | घरजग्गा रजिष्टेशन दस्तुर | ४७७४७८०७ | २२४८४१५९ | ५८०००००० | ६३८००००० | ७०१८०००० | १९१९८०००० |
| | बाँडफाँटभइ प्राप्त हुने मुल्य अभिवृद्धि कर | १०,१९,८९,०३३ | ४६०९०४४८ | ११०९६७००० | १२२०६३७०० | १३४२७००७ ० | २५६३३३७७० |
| | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८२४५६१४ | ७२२३०८६ | ९२९४००० | १०२२३४०० | ११२४५७४० | ३०७६३१४० |
| | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ० | ३४२१८७ | ३७०२६० | ४०७२८६ | ४४८०१४ | १२२५५६० |
| | बाँडफाँटबाट प्राप्त हुने वन | ११७५३१३ | ० | २१०००००० | २३१००००० | २५४१००० | ६९५१००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रोयल्टी | | | | | | |
| | अन्य बाँडफाँटबाट प्राप्त हुने आय (दहतर बहतर/ढुंगा गिट्टी वालुवा) | ३४३०८३०४ | ६९८५२८३ | २६५०००० | २९१५०००० | ३२०६५००० | ६१२१५००० |
| ३ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **२९२६७७२२** | **१८९२०४२५** | **२९५९९०००** | **३२५५८९००** | **३५८१४७९०** | ९७९७२६९० |
| | समानीकरण अनुदान | १४९५८८२५ | ८८१५६२५ | १००९९००० | १११०८९०० | १२२१९७९० | ३३४२७६९० |
| | सशर्त अनुदान  (चालु) | ४३०८८९७ | ६८०४८०० | ४५००००० | ४९५०००० | ५४४५००० | १४८९५००० |
| | समपुरक अनुदान (पुँजीगत) | १०००००००० | ३३००००० | १५०००००० | १६५००००० | १८१५०००० | ४९६५०००० |
| ४ | **सङ्घीय सरकार वित्तीय हस्तान्तरण** | **४४८४१२४७५** | **५९६९६२०००** | **७८३८०००००** | **८६२१८००००** | **९४८३९८०००** | २५९४३७८००० |
| | समानीकरण अनुदान | १७१२८९००० | १५७५००००० | १५५६००००० | १७२१५०००० | १८९३६५००० | ५१७११५००० |
| | सशर्त अनुदान (चालु) | २१००८२५४९ | २४१४९६००० | २६६८००००० | २९३४८०००० | ३२२८२८००० | ८८३१०८००० |
| | सशर्त अनुदान (पुँजीगत) | ५१७९६९२२ | १८२७६६००० | ३३०५००००० | ३६३५५०००० | ३९९९०५००० | १०९३९५५००० |
| | विशेष अनुदान (चालु) | ५२४४००४ | ० | २०००००००० | २२०००००० | २४२००००० | ६६२००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विशेष अनुदान (पुँजीगत) | ० | ४५००००० | ० | ० | ० | ० |
| | समपुरक अनुदान (पुँजीगत) | १०००००००० | १०७०००००० | १०००००००० | ११०००००० | १२१००००० | ३३१००००० |
| ५ | **जनसहभागिता** | **६९५२१६६** | **७३८८३००** | **१९००००००** | **२०९०००००** | **१९००००००** | **३९९०००००** |
| ६ | **सडक वोर्ड** | **३९९९९७५** | **०** | **५८०००००** | **५८०००००** | **५८०००००** | **१७४०००००** |
| ७ | **नगद तथा बैंक मौज्दात** | **१८,७७,१६,८६४** | **२२८६६१७९७** | **२०१०३९३७८** | **६००००००००** | **४००००००००** | **३०१०३९३७८** |
| **ख** | **कुल खर्च** | **६९,४३,२५,९९२** | **५३०७६२१०१** | **१३०४०७६६३८** | **१२७२७६०९८६** | **१३६९४६७०८४** | **२६७३५४३७२२** |

*स्रोत: नगरपालिकाको बजेट तथा कार्यक्रम*

## २.७ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण

नगरपालिकाको स्रोत आँकलन गर्दा देहाय अनुसार प्राप्त हुने रकमलाई आधार मानिएको छ :

**क. राजस्व बाँडफाँट**

अ. कर राजस्व बाँडफाँट : अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार राजस्व बाँडफाँट (मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्क रकम)।

आ. रोयल्टी बाँडफाँट : रोयल्टी (पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत)।

**ख. आन्तरिक आय**

**ग. अनुदान**

अ. सङ्घबाट नगरपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण रकम।

आ. सङ्घबाट नगरपालिकालाई प्राप्त हुने सशर्त अनुदान रकम।

इ. प्रदेशबाट नगरपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण रकम।

ई. प्रदेशबाट नगरपालिकालाई प्राप्त हुने सशर्त अनुदान रकम।

उ. नगरपालिकालाई प्राप्त हुने समपूरक अनुदान रकम।

ऊ. नगरपालिकालाई प्राप्त हुने विशेष अनुदान रकम।

**घ. वैदेशिक सहायता**

**ङ. आन्तरिक ऋण**

## २.८ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

### क नगरपालिकाको प्राथमिकताक्रमका आधारमा बजेट अनुमान तथा प्रक्षेपण

नगरपालिकाको सोच अन्तर्गत 'स्वच्छ', 'सम्बृद्ध' र 'समतामुलक' को सूचक बमोजिम प्राथमिकताक्रम अनुसार तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.५ मा प्रस्तुत गरिएको छ।

### तालिका नं. २.५: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकताक्रम | २०८०/०८१ को खर्च अनुमान | | २०८१/०८२ को खर्च प्रक्षेपण | | २०८२/०८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P१) | १,२५,१९,१३,५७३ | ९६ | १,२३,४५,७८,१५७ | ९७ | १,३४,२०,७७,७४३ | ९८ |
| प्राथमिकता दोश्रो (P२) | ५,२१,६३,०६५ | ४ | ३,८१,८२,८२९ | ३ | २,७३,८९,३४१ | २ |
| जम्मा | १,३०,४०,७६,६३८ | १०० | १,२७,२७,६०,९८६ | १०० | १३६९४६७०८४ | १०० |

## ख. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

### तालिका नं. २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (प्रतिशतमा)

| संकेत नम्बर | दिगो विकास लक्ष्य | २०८०/०८१ को यथार्थ | २०८१/०८२ को प्रक्षेपण | २०८२/०८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| १ | गरिबीको अन्त्य | ०.३० | ०.७५ | १ |
| २ | शून्य भोकमरी | १.०७ | १.५० | २ |
| ३ | स्वस्थ जीवन | ९.४९ | १० | १०.५ |
| ४ | गुणस्तरीय शिक्षा | ३.८० | ३.८० | ४ |
| ५ | लैङ्गिक समानता | ०.१३ | ०.५० | ०.६ |
| ६ | स्वच्छ पानी र सरसफाइ | ११.२८ | ११.५० | ११.६ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ०.३६ | ०.४० | ०.५० |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | १८.३६ | १८.९० | १९ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | २८.८१ | २४.०५ | २०.२ |
| १० | असमानता न्यूनीकरण | ०.३७ | ०.५० | ०.६ |
| ११ | दिगो शहर र बस्ती | ८.६१ | ९ | ०.९२ |
| १२ | दिगो उपभोग र उत्पादन | ७.३९ | ८ | ८.५ |

| | | | | |
|---|---|---|---|---|
| १३ | जलवायु परिवर्तन अनुकुलन | १.७२ | २ | २.५० |
| १४ | सामुद्रिक स्रोतको उपयोग | - | - | - |
| १५ | भूसतह स्रोतको उपयोग | १.४२ | १.८ | १.९ |
| १६ | शान्ति, न्याय र सबल संस्था | ६.२२ | ६.५ | ७ |
| १७ | दिगो विकासको लागि साझेदार | ०.६८ | ०.८ | ०.९ |
| | **कुल जम्मा** | **१००** | **१००** | **१००** |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

## ग. लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

**तालिका नं. २.७: लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (प्रतिशत)**

| लैङ्गिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८०/०८१ को अनुमान | २०८१/०८२ को अनुमान | २०८२/०८३ को अनुमान |
|---|---|---|---|---|
| निर्दिस्ट | २२० | ७.६९ | ८.३ | ८.५ |
| सहयोगी | ४८२ | २७.६९ | २८.५ | २८.७ |
| तटस्थ | ४९७ | ६४.३५ | ६३.२ | ६२.८ |
| **जम्मा** | **११९९** | **१००** | **१००** | **१००** |

### घ. जलवायु संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

**तालिका नं २.८ः जलवायु संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

**(प्रतिशतमा)**

| जलवायु संकेत | आयोजना/कार्यक्रम संख्या | २०८०/०८१ को खर्च अनुमान | २०८१/०८२ को खर्च प्रक्षेपण | २०८२/०८३ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| अत्यन्त सान्दर्भिक | ४२ | २ | २.१ | २.१ |
| सान्दर्भिक | ४६२ | ३८ | ३८.५ | ३८.९ |
| तटस्थ | ६९५ | ६० | ५९.४ | ५९ |
| जम्मा | ११९९ | १०० | १०० | १०० |

### ङ. नगर गौरवका आयोजना त्रिवर्षीय खर्च अनुमान

**तालिका नं. २.९ः नगर गौरवका आयोजना त्रिवर्षीय खर्च अनुमान**

| क. स. | आयोजना तथा कार्यक्रम | त्रिवर्षीय खर्च अनुमान | | |
|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ |
| १ | बक्राहा विष्णु गङ्गा घाट निर्माण | ७५,००,००० | २,००,००,००० | २,२५,००,००० |

## च. विषय क्षेत्रगत वाडफाड

### तालिका नं. २.१०: आगामी तीन आ.व. को विषय उप-क्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रु. हजारमा)

| क्र.स. | विषय क्षेत्र | २०८०/०८१ को व्यय अनुमान | | | २०८१/०८२ को खर्च प्रक्षेपण | | | २०८२/०८३ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पूजीगत | कुल | चालु | पूजीगत | कुल | चालु | पूजीगत |
| १ | कृषि तथा खाद्य सुरक्षा | ४३९९५ | ५२७९ | ३८७१६ | ४८३९४ | ५८०७ | ४२५८७ | ५३२३३ | ६३८७ | ४६८४६ |
| २ | सिंचाई | ५४००० | ६४८० | ४६५२० | ५९४०० | ७१२८ | ५२२७२ | ६५३४० | ७८४० | ५७५०० |
| ३ | पशु सेवा | १४७९८ | १७७५ | १६५७३ | १६२७८ | १९५३ | १४३२५ | १७९०६ | २१४८ | १५७५८ |
| ४ | उद्योग, व्यापार तथा व्यवसाय | २८१४ | ३३८ | २४७६ | ३०९५ | ३७१ | २७२४ | ३४०४ | ४०८ | २९९६ |
| ५ | पर्यटन तथा संस्कृति | १२३५० | १४८२ | १०८६८ | १३५८५ | १६३० | ११९५५ | १४९४४ | १७९३ | १३१५० |
| ६ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | ९१० | १०९ | ८०१ | १००१ | १२० | ८८१ | ११०१ | १३२ | ९६९ |
| ७ | श्रम तथा रोजगारी | १०८५७ | ६५१४ | ४३४३ | ११९४५ | ६८६७ | ४५७८ | १२६३९ | ७५८३ | ५०५६ |
| ८ | गरिबी निवारण | २०० | २०० | ० | २२० | २२० | ० | २४२ | २४२ | ० |
| ९ | शिक्षा, विज्ञान तथा प्रविधि | १५९७९ | ६३९१ | ९५८८ | १७५७६ | ७०३० | १०५४६ | १९३३३ | ७७३३ | ११६०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | स्वास्थ्य तथा पोषण | ५३८०० | १०७६० | ४३०४० | ५९१८० | ११८३६ | ४७३४४ | ६५०९८ | १३०१९ | ५२०७८ |
| ११ | खानेपानी तथा सरसफाइ | ८६५० | १७३० | ६९२० | ९५१५ | १९०३ | ७६१२ | १०४६६ | १०४६६ | १०४६६ |
| १२ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | ७६८९८ | १५३७९ | ६१५१८ | ८४५८७ | १६९१७ | ६७६६९ | ९३०४५ | १८६०९ | ७४४३६ |
| १३ | युवा, खेलकुद | ९१९२ | १८३८ | ७३५४ | १०१११ | २०२२ | ८०८९ | १११२२ | २२२४ | ८८९७ |
| १४ | बस्ती विकास, आवास र भवन | ३८९९२१ | ४६७९० | ३४३१३० | ४२८९१३ | ५१४६९ | ३७७४४४ | ४७१८०४ | ५६६१६ | ४१५१८७ |
| १५ | सडक तथा यातायात | १६१६२७ | १९३९५ | १४२२३१ | १७७७८९ | १७७७८ | १६००१० | १९५५६७ | २३४६८ | १७२०९८ |
| १६ | विद्युत्तथा स्वच्छ ऊर्जा | ५५०० | ६६० | ४८४० | ६०५० | ७२६ | ५३२४ | ६६५५ | ७९८ | ५८५६ |
| १७ | सूचना, सञ्चार तथा प्रविधि | ३४०० | ६८० | २७२० | ३७४० | ७४८ | २९९२ | ४११४ | ८२२ | ३२९२ |
| १८ | वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण | १३५० | २७० | १०८० | १४८५ | २९७ | ११८० | १६३३ | ३२६ | १३०६ |
| १९ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ८७१६ | १०४५ | ७६७१ | ९५८७ | ११५० | ८४३७ | १०५४५ | १२६६ | ९२७९ |
| २० | विपद्जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | ३१०४३ | ३७२५ | २७३१८ | ३४१४७ | ४०९७ | ३००५० | ३७५६१ | ४५०७ | ३३०५३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | नीति, कानून, न्याय र सुशासन | ४२६१ | १२७८ | २९८३ | ४६८७ | १४०६ | ३२८१ | ५१५५ | १५४६ | ३६०८ |
| २२ | संगठन, मानव संशाधन र क्षमता विकास | ८३०० | १६६० | ६६४० | ९१३० | १८२६ | ७३०४ | १००४३ | २००८ | ८०३५ |
| २३ | राजस्व तथा श्रोत परिचालन | ११०७५ | १३२९ | ९७४६ | १२१८२ | १४६१ | १०७२० | १३४०० | १६०८ | ११७९२ |
| २४ | तथ्याङ्क, योजना तथा विकास परिचालन | २३५९ | २८३ | २०७६ | २५९४ | ३११ | २२८२ | २८५३ | ३४२ | २५१० |
| | **कुल जम्मा** | **१,३०,४०,७६,६३८** | | | **१,२७,२७,६०,९८६** | | | **१,३६,९४,६७,०८४** | | |

# परिच्छेद ३
# आर्थिक क्षेत्र

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

आर्थिक समृद्धि हासिल गर्ने मूल आयाम कृषि क्षेत्र रही आएको छ। भूमिको व्यवस्थापन गर्ने, कृषिको व्यावसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने जस्ता कुरा संविधानमा नै उल्लेख गरिएको छ। कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गर्ने जस्ता महत्त्वपूर्ण कृषिसम्बन्धी नीति निर्धारण गरेको छ। यसका लागि कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धि, भण्डारण र बजारीकरण, पशुपक्षी तथा मत्स्य प्रजनन एवम् नस्ल सुधार, आहार तथा पोषण, पशु स्वास्थ्य र बजार प्रवर्द्धनमा नगरपालिकाले विशेष महत्त्वका साथ अगाडि बढ्नु पर्ने हुन्छ।

केन्द्रीय तथ्याङ्क विभागको प्रतिवेदन, वैशाख २०७८ अनुसार कोशी प्रदेशको कुल ग्राहस्त उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाइभन्दा बढी (३५.२ प्रतिशत) रहेको छ। कृषि क्षेत्रमा उपयोग भएको औसत कृषि जमिन ०.६६ हेक्टर रहेको छ। कृषि जमिनको खण्डीकरणले यो अनुपात घट्दो क्रममा छ। भने उर्लाबारी नगरपालिकाको कुल ग्राहस्त उत्पादनमा कृषि क्षेत्रको योगदानको एकिन तथ्यांक नभए पनि यसको अंक सामान्य रहेको छ।

### ३.१.२. समस्या तथा चुनौती

**समस्या**

उर्लाबारी नगरपालिका एक सुन्दर कल्पनाको नगरीमा परिणत हुनको लागि धेरै बाधा अड्चनहरु पार गर्नुपर्ने देखिन्छ। यसको आर्थिक, सामाजिक तथा भौतिक विकासका लागि धेरै चुनौतीहरु छन्। पर्यावरणीय महत्व बोकेको यस नगरपालिकाका नदी नियन्त्रण एउटा ठूलो चुनौतीको रुपमा रहेको छ। न्यून गुणस्तरको पूर्वाधार र नाला निकास रहित सडकहरु भएकाले वर्षा याममा हुने ढल निकासको समस्या पनि एउटा चुनौतिको रुपमा लिन सकिन्छ। स्थानीय स्तरमा व्यवसायीक कृषि उत्पादन हुन नसक्नु, उत्पादित फसल तथा उपजहरुको उचित मूल्य लिन नसक्नु, भण्डारण गर्ने आधुनिक भण्डारण  कक्ष नहुनु, आर्थिक व्यापारिक कारोबार धाराशायी बन्दै गएको छ। अनियन्त्रीत जग्गा Plotting का कारण हुने अव्यवस्थित बसोबास, जग्गा अतिक्रमण, खेतीयोग्य जमिन टुक्रिने क्रम पनि अर्को समस्याको  रुपमा रहेको छ।

जमिनको खण्डीकरण एवम् कृषिको व्यावसायीकरण हुन नसक्नु, सिँचाइको पर्याप्तता नहुनु, विद्यमान सिँचाइ आयोजना पूर्ण क्षमतामा उपयोग हुन नसक्नु, प्रशोधन क्षमताको कमी एवम् न्यून मूल्य अभिवृद्धि हुनु, कृषकमा नयाँ प्रविधिको पहुँच र समयमा उन्नत बिउ तथा रासायनिक मलको उपलब्धता नहुनु, जैविक तथा प्राङ्गारिक कृषि सम्बन्धी ज्ञानको अभाव हुनु, बाली बिरुवामा लाग्ने रोग, किरा तथा महामारी व्यवस्थापन र सुधारिएको कृषि प्रणालीसम्बन्धी जानकारी कमी हुनु, कृषि उपजको बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्वको कमी हुनु, पशुपन्क्षी पालनको निमित्त

आवश्यक उन्नत नस्ल, रोग र महामारीको रोकथाम एवम् पशु व्यवस्थापनसम्बन्धी उचित ज्ञानको अभाव हुनु, चरन र खर्क व्यवस्थापनको अभाव हुनु, कृषि अनुसन्धान र कृषि प्रसार बिच समन्वयको कमी हुनु आदि समस्या हुन्।

**चुनौती**

समय सापेक्ष कृषि प्रविधिको उपलब्धता सुनिश्चित गर्नु, नगरपालिकाको मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सुदृढीकरण गर्नु, परम्परागत कृषि ज्ञानको पुनः खोज गरी आधुनिकीकरण र उपयोग गर्नु, जैविक तथा प्राङ्गारिक कृषि प्रणालीको प्रवर्द्धन गर्नु, खाद्यवस्तुको गुणस्तर कायम गर्नु, हानिकारक कीटनाशक विषादी र रासायनिक मल नियन्त्रण गर्नु, अन्तर-सरकार समन्वय प्रभावकारी बनाउनु, जग्गाको चकलाबन्दी गर्नु, कृषि, पशु र मत्स्यपालनमा उपयुक्त यान्त्रिकीकरण र व्यावसायीकरण गर्नु, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्नु, सामूहिक खेती तथा करार खेतीको कार्यान्वयन गर्नु, जङ्गली जनावर, रोग, किरा तथा महामारीबाट खेती सुरक्षित गर्नु, माटो स्वास्थ्यलाई दीर्घकालीन रूपमा सुधार गर्नु, स्वदेशमा नै उत्पादन हुने कृषि उपजको निर्बाध आयातबाट आन्तरिक कृषि उत्पादकलाई जोगाई राख्नु, युवावर्गलाई कृषि पेसामा आकर्षित गराउनु आदि चुनौती हुन्।

## ३.१.३. क्षेत्रगत सोच

"उन्नत कृषि : समृद्ध नगर"

## ३.१.४. उद्देश्य

क. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।
ख. तुलनात्मक लाभ भएका बाली तथा पशुपक्षीजन्य उत्पादनको विकास एवम् बिस्तार गर्नु।
ग. कृषि तथा पशुसेवा प्रसारको पहुँचमा वृद्धि गर्नु।

## ३.१.५. रणनीति

कृषीको बिकास उर्लाबारी नगरपालिकाको रणनीति निम्न अनुसार रहेका छन :

१. कृषि क्षेत्रले अर्थतन्त्रमा पार्न सक्ने सकरात्मक प्रभावका बारेमा जनचेतना जगाई स्थानीय कृषकको व्यापक उपयोग गरी बेरोजगारी घटाउने।
२. उर्लाबारी नगरपालिकाको भूगोल र वातावरणलाई सुहाउने बालीनाली लगाई कृषि क्षेत्र प्रवर्द्धन गर्ने।
३. उन्नत तथा नश्ल सुधार गरीएका बीउविजन प्रयोग गरी कम लागतमा बढि भन्दा बढि उत्पादन गर्ने कुरालाई प्राथमिकता दिने।

## ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजनामा रहेका कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छः

**तालिका नं. ३.१: कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व २०७८/७९ सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| स्थानीय व्यावसायिक कृषि फार्म | संख्या | ११९ | ११९ | १२५ | १३५ | १५० |
| अगुवा वा व्यावसायिक कृषक | संख्या | १५७ | १५७ | १७५ | २०० | २५० |
| आलु व्यावसायिक उत्पादन क्षेत्र | हेक्टर | ००० | ००० | ५ | १० | १५ |
| खाद्यान्न (धान, मकै, गहुँ र जौ) उत्पादन | मे.ट. | ५२७६२ | ५२७६२ | ५५००० | ६०००० | ७०००० |
| तरकारी उत्पादन (आलु सहित) | मे.ट. | ३६००० | ३६००० | ३९००० | ४५००० | ५०००० |
| व्यावसायिक कृषि नर्सरी | संख्या | २ | २ | ३ | ३ | ३ |
| कृषि सहकारी संस्था | संख्या | १२१२ | १२१२ | १२ | १२ | १२ |
| कृषक समुह | संख्या | १९४ | १९४ | २०० | २१० | २२० |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छः

**तालिका नं. ३.२: कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| **२०८०/८१** | ४३९९५ | ५२७९ | ३८७१६ | ० | १०९९८ | ३२५५७ | ४४० | ० |
| **२०८१/८२** | ४८३९४ | ५८०७ | ४२५८७ | ० | १२०९८ | ३५८१६ | ४८० | ० |
| **२०८२/८३** | ५३२३३ | ६३८७ | ४६८४६ | ० | १३३०८ | ३९३९५ | ५३० | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.३: कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तरकारी खेतीमा प्राङ्गारिक मल वितरण कार्यक्रम (५०% अनुदान) | तरकारीमा आत्मनिर्भर बन्ने। | सालवसाली | १००० | तरकारी उत्पादनमा ५० प्रतिशतले वृद्धि भएको हुनेछ। |
| २ | मकैको बीउ भण्डार गृह निर्माण | खाद्य सुरक्षा सुनिस्चित गर्ने। | २०८०/०८१ देखि २०८२/०८३ | १०००० | पालिकामा उत्पादन भई अवस्यक पर्ने २५ प्रतिशत मकैको विउ भण्डारण गर्न सक्ने वातावरण निर्माण भएको हुनेछ। |
| ३ | उर्लाबारी-९ लामा टोल कृषि सडक तथा ड्रेन निर्माण | कृषिउपजको बजारिकरण गर्ने। | सालवसाली | १०००० | कृषि सडक निर्माण भइ ९ नं. वडामा कृषि उपजको बजारीकरण भएको हुनेछ। |
| ४ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धानगहुँ) | खाद्यान्न बाली धान,गहुँको उत्पादन वृद्धि गर्ने। | सालवसाली | १०७५ | धान र गहुँको उत्पादनमा २० प्रतिशतले वृद्धि भएको हुनेछ। |

### ३.१.९ जोखिम तथा अनुमान

नगरपालिकाले कृषि सम्वन्धी आवश्यक ऐन, कानुन, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरीसकेको हुनेछ। युवा  बेरोजगारहरु कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरले लक्ष्य हासिल गर्नमा जोखिम रहन सक्दछ। साथै कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

उर्लाबारी नगरपालिकामा सिंचाई सुविधाको सबै वडामा सिंचाई सुबिधा प्राप्त भए पनि ५० प्रतिशत जमिन मात्र बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध रहेकोछ। सिंचाई प्रणालीलाई प्रवर्द्धन गरेर सिंचाई विधुतीकरणमार्फत सबै खेति योग्य जमिनमा सिंचाई गर्न सकिने सम्भावना रहेको छ। यस नगरपालिकामा भुमिगत तथा सतहजलश्रोतको उपलव्धता पर्याप्त भएकोले सिंचाई लगायत माछा पालन,

पर्यटन प्रवर्द्धन जस्ता अन्य क्षेत्रमा जलश्रोतको उपयोग गरी नगरपालिकाको आर्थिक विकास गर्न सकिने अवसर छ।

### ३.२.२. समस्या तथा चुनौती

यस नगरपालिकामा सिंचाई योजनाहरु सञ्चालन गर्न भौगोलिक कारणले लागत कम र पानीका श्रोतहरु पनि पर्याप्त रहेतापनि पुरै खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुग्न नसक्नु यस नगरपालिकाका प्रमुख चुनौति रहेका छन। नगरपालिकामा वैकल्पिक सिंचाई सुविधाको अभ्यास नहुनु, बनेका सिंचाइ नहर तथा पूर्वाधारहरूको नियमित मर्मत सम्भार हुन नसक्नु र सिंचाईमा बिधुतिकरणको नीति अवलम्वन गर्न नसक्नु, पानीको स्रोतको उचित व्यवस्थापन हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन्।

### ३.२.३. क्षेत्रगत सोच

"किफायती, भरपर्दो तथा दिगो सिंचाई"

### ३.२.४. उद्देश्य

१. खेतीयोग्य जमिनमा पर्याप्त सिंचाईको व्यवस्था गर्नु,
२. आधुनिक प्रविधिमा आधारित सिंचाई सुबिधाको विस्तार गर्नु।

### ३.२.५ रणनीति

१. प्राकृतिक सिंचाईका स्रोतको पहिचान र दिगो उपयोगलाई प्रवर्द्धन गर्ने,

२. सिंचाई सुविधा नपुगेका ग्रामीण क्षेत्रमा लिफ्ट तथा अन्य प्रविधिमा आधारित सिंचाई प्रणालीको विस्तार गर्ने,

३. आधुनिक सिंचाई प्रविधिको उपयोगमार्फत थोपा सिंचाई लगायतका विधिको उपयोगलाई प्रोत्साहन गर्ने ।

मध्यम कालिन खर्च संरचनाको संक्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.४ः सिंचाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य (हजारमा)**

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | १२ महिना सिंचाई हुने क्षेत्र | हे. | १५०० | १५०० | १५३० | १५५० | १६०० |
| २ | प्रयोगमा आएका सिंचाई प्रविधि | संख्या | २ | २ | २ | ३ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सिंचाई प्रविधिको प्रकार | संख्या | २ | २ | २ | ३ | ३ |
| ४ | नीजी स्यालो ट्युवेल | | १२०० | १२०० | १२५० | १३०० | १३५० |

### ३.२.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छः

**तालिका नं. ३.५: विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ५४००० | ६४८० | ४६५२० | ० | १६२०० | ३७८०० | ० | ० |
| २०८१/०८२ | ५९४०० | ७१२८ | ५२२७२ | ० | १७८२० | ४१५८० | ० | ० |
| २०८२/०८३ | ६५३४० | ७८४० | ५७५०० | ० | १९६०२ | ४५७३८ | ० | ० |

### ३.२.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.६: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | २ एच.पि.को मोटर/बोरिङ जडान सहयोग कार्यक्रम (गडान र जडान खर्च कृषकको हुने) | बालि विविधिकरण गर्ने। | २०८०/०८१ देखि २०८२/८३ सम्म | १०००० | कृषि योग्य भूमिको र ५० प्रतिशत क्षेत्रमा सिंचाई सुविधा उपलब्ध भएको हुनेछ। |

### ३.२.८ जोखिम तथा अनुमान

सिंचाई विस्तार हुनुका साथै प्रविधीयुक्त कृषिमा आधारित व्यवसायमा युवा बेरोजगारहरु आकर्षिक हुनेछन्। नविनतम प्रविधियुक्त सिंचाई व्यवस्थापन सहितको भरपर्दो सिंचाई प्रणालि गर्न सकिएन भने अपेक्षित नतिजा हासिल गर्न कठिन हुनेछ।

## ३.३ पशु विकास

### ३.३.१ पृष्ठभूमि

नगरपालिकामा पशुपन्छीको क्षेत्रमा कृषि तथा पसुपन्छी फार्महरु सञ्चालनमा रहेका छन्। दुधमा आत्मनिर्भर बन्ने उद्देश्यले नगरपालिकाक्षेत्रमा दूग्ध उत्पादक सहकारीहरु स्थापना भई सञ्चालनमा रहेका छन्। पछिल्लो समयमा कृषि व्यवसायीहरु पशुपालनतर्फ आकर्षित बन्दै गएका छन्।

नगरपालिका क्षेत्रमा पशुपालनको अवस्था हेर्दा गाई/गोरुको संख्या उच्च रहेको देखिन्छ। नगरपालिकामा पशु प्राविधिक परिचालन पर्याप्त हुन सकेको छैन। यो संख्या थप गरि प्राविधिकहरुको प्रत्यक्ष निगरानीमा पशुपन्छी फार्महरू सञ्चालन गरी आर्थिक क्षेत्रमा आमुल परिवर्तन गर्न सक्ने अवसर रहेको छ। व्यवसायिक पशुपन्छी पालनतर्फ व्यवसायिक भैसी फार्म हरू सञ्चालनमा रहेका छन्।

### ३.३.२. समस्या तथा चुनौती

उर्लाबारी नगरपालिकामा प्राविधिक ज्ञानको कमिले गर्दा व्यवसायिक एवम् उन्नत तरिकाले पशुपन्छी पालन हुन नसक्नु, व्यवसायीकरणको कमि हुनु, प्रविधिहरुको कमि, बजार प्रतिस्पर्धा गर्न नसक्नु साना किसानहरुको दर्ताको प्रक्रिया पुरा हुन नसक्नु, पशु हाट नहुनु, आधुनिक किसिमको गोठ तथा खोरको कमी, उन्नत घाँस तथा दानाको व्यवस्था नहुनु, सरल कर्जा र बिमाको व्यवस्था नहुनु, आदि यस क्षेत्रका चुनौतिको रुपमा रहेको छ। प्रत्येक वडामा पशु प्राविधिक नरहनु, कृषि अनुदानमा सशर्त आनुदानका कार्यक्रम मात्र भएको नगरपालिकाको आन्तरिक बजेट नहुनु, दक्ष जनशक्तिको अभाव रहनु, भेटेरीनरी प्रसार सेवाको कमी हुनु जस्ता पक्षहरु समस्याको रुपमा रहेका छन्।

### ३.३.३. क्षेत्रगत सोच

“उत्पादनशील दिगो पशुपालन र व्यवसायीक कृषक”

### ३.३.४. उद्देश्य

१. पशुपालन व्यवसायलाई आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरण गर्नु,
२. पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु।

### ३.३.५ रणनीति

१. पशुपन्क्षीपालनलाई कृषकहरुको दिगो तथा भरपर्दो आयश्रोतको रुपमा स्थापित गर्ने।
२. पशुपन्क्षीपालनलाई आधुनिक तथा प्रतिष्पर्धात्मक बनाउने।
३. पशुपन्क्षीपालनको अभिवृद्धिमा संघ, प्रदेश र अन्तरपालिकाका सहकार्यमा जोड दिने।
४. कृषि तथा पशु उत्पादनको बजार पहुँच वृद्धि गर्न सार्वजनिक, नीजि, सहकारी अवधारणामा आधारित उत्पादन र बजारीकरण नीति अवलम्बन गर्ने।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

## तालिका नं. ३.७: पशु विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | आ.व२०७८/७९ सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| भैसी फार्म | संख्या | ५ | ५ | ७ | १० | १३ |
| गाई फार्म | संख्या | ५२ | ६१ | ६५ | ७० | ८० |
| बाखा फाम | संख्या | ३८ | ४५ | ५० | ५५ | ६० |
| बंगुर फार्म | संख्या | ३२ | ३२ | ३५ | ४० | ४५ |
| लेयर्स कुखुरा फाम | संख्या | २ | ३ | ४ | ५ | ६ |
| ब्रोइलर कुखुरा फार्म | संख्या | १० | १० | १५ | २० | ३० |
| माछा फार्म | संख्या | २३ | २७ | ३६ | ४० | ४५ |
| सक्रिय पशुपालन समूह | संख्या | ३७ | ३९ | ४२ | ४८ | ५५ |
| दुग्घ सहकारी संस्था | संख्या | १ | २ | ३ | ४ | ५ |
| दुध उत्पादन/दैनिक | लिटर | २७५०० | ३०००० | ३२००० | ३५००० | ३९००० |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ३ | ४ | ५ | - | - |
| भुइघाँसको व्यावसायिक उत्पादन क्षेत्र | हेक्टर | ३.५ | ४ | ५ | ६ | ७ |
| क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | - | ३ | ६ | ७ | ८ |
| कृत्रिम गर्भाधान केन्द्र | संख्या | - | १ | २ | ३ | ४ |
| पशुपंक्षी वधशाला | संख्या | - | १ | २ | ३ | - |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशु विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छः

### तालिका नं. ३.८ः पशु विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा श्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान रु. हजारमा | | | | बजेट श्रोत रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | १४७९८ | १७७५ | १६५७३ | ० | ५७९८ | ८७०० | ३०० | ० |
| २०८१/०८२ | १६२७८ | १९५३ | १४३२५ | ० | ६३७८ | ९५७० | ३३० | ० |
| २०८२/०८३ | १७९०६ | २१४८ | १५७५८ | ० | ७०१६ | १०५२७ | ३६३ | ० |

## ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छः

### तालिका नं. ३.९ः पशु विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | पशु स्वास्थ्यरउपचार सेवा प्रवर्द्धन कार्यक्रमः पशुपन्छी र मत्स्य उपचार सेवा औषधि खरिद तथा बितरण | पशुपन्छीको उपचारमा सहयोग गर्ने। | २०८०/०२८१ देखि २०८२/०८३ | ९०० | पशुपन्छीको उपचारमा सहयोग पुगी पशु क्षति २० प्रतिशतले कमि भएको हुनेछ। |
| २. | पशु बिमा प्रिमियम अनुदान कार्यक्रम | पशुपन्छीको विमा गरि दिगो पशुजन्य उत्पादन गर्ने। | सालवसाली | ९०० | ३० प्रतिशत पशुपन्छीको विमा भएको हुनेछ। |
| ३ | रोग निरोधक खोप कार्यक्रम | पशुपन्छीलाई रोग लग्नबाट बचाउने। | सालवसाली | ८०० | पशुपन्छीलाई रोग लग्नबाट बचेका हुनेछन। |
| ४ | वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित पशुपंक्षी मत्स्य पालन व्यवसाय प्रबर्द्धन कार्यक्रम (७५ प्रतिशत अनुदान) | पशुपन्छीपालन मार्फत रोजगारीको सिर्जना गर्ने। | २०८०/०८१ | ९०० | वैदेशिक रोजगारीबाट फर्केका ४० प्रतिशत युवा पशुपंक्षी पालन मार्फत रोजगार भएको हुनेछन। |
| ५ | पशु सेवा प्रसार कार्यक्रम | सामुदायिक कुकुर बन्ध्याकरण | २०८०/०२८१ | ९०० | सामुदायिक कुकुर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | शिविरसंचालन गरि शाखा प्रोफायल तयार गर्ने। | | | बन्ध्याकरण शिबिर सञ्चालन भइ शाखा प्रोफाइल तयार भएको हुनेछ। |

### ३.३.९ जोखिम तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। प्रविधि, पशु प्रसार, चरण क्षेत्र र आहार, पशुपन्क्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने अनुमान गर्न सकिन्छ।

## ३.४ उद्योग व्यापार तथा व्यवसाय

### ३.४.१ पृष्ठभूमि

उर्लाबारी  नगरपालिकामा ठुलो संख्यामा साना ठुला गरी धेरै व्यवसाय सञ्चालनमा रहेका छन् ति व्यवसायमा जनसंख्याको ठुलो हिस्स संलग्न छ। व्यवसायहरु मध्ये सबैभन्दा अधिक संख्या किराना, कपडा, होटेल व्यवसाय आदि रहेका छ। उद्योगको हकमा धान, तोरी, चिउरामिलहरु लगायत खाद्य पदार्थ उत्पादन तथा प्रशोधन गर्ने मुख्य रुपमा देखिन्छन्। त्यसै गरी यस नगरपालिका क्षेत्रका प्रमुख बजारहरुमा उर्लाबारी, मंगलबारे, दुर्गापुरी, हुन्। यस नगरपालिकामा वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी सञ्चालन गर्न सकिने संभावना रहेको छ।

### ३.४.२ समस्या तथा चुनौती

यस नगरपालिकामा कृषि तथा पशुपन्छी उत्पादित कच्चा पदार्थमा आधारित औद्योगीकरणमा जान सकिएको छैन। जसले गर्दा कृषि तथा पशुपन्छीजन्य उत्पादनमा नागरिकहरुलाई आकर्षित गर्न सकिएको छैन। व्यवसायिक सोच र लगानीको कमी, औद्योगिक वातावरणको कमी, व्यवसायिक तालिम तथा प्रशिक्षण र प्रविधिको अभाव, बैंक तथा वित्तिय संस्थाको लगानीमा देखिएको नैराश्यता, स्थानीय श्रोत, साधन, सिप, जनशक्तिको परिचालन गरी विकासको गतिलाई तिब्रता दिन सकिएको छैन।

खुल्ला सिमानाको कारण स्थानीय बजार व्यवस्थित गर्न नसकेकोले भारतीय बजारसँग प्रतिस्पर्धा गर्न सकिएको छैन। नगरपालिकाले बनाउने नीति तथा रणनीतिको कमी तथा प्राविधिक तथा व्यवसायिक शिक्षा नीतिको कमी रहेको देखिन्छ। उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, बजारीकरणको कमि जस्ता पक्ष पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ।

### ३.४.३ क्षेत्रगत सोच

“वातावरणमैत्री र रोजगारमूलक उद्योग व्यवसायको विकास र प्रवर्द्धन”

### ३.४.४ उद्देश्य

१. स्थानीय श्रोत, साधन एवम् श्रम सीपमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन गर्नु,

२. आर्थिक विकासका लागि स्थानीय उद्योगको विकास तथा प्रवर्द्धन गर्नु।

### ३.४.५ रणनीति

१. औद्योगिक क्षेत्रको विकासमा अन्तर सरकार समन्वयमा वृद्धि गर्ने।

२. स्थानीय स्रोत, साधन र सीपमा आधारित उद्योगको विकासलाई प्रोत्साहित गर्ने।

३. बजारमाग अनुरुपको उत्पादनलाई प्रवर्द्धन र स्वरोजगारका अवसर सृजना गर्ने।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचनाको योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.१०: उद्योग तथा व्यापार उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व२०७८/७९ सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार | संख्या | १०५० | ११०० | १२५० | १३५० | १५०० |
| नगरपालिकामा दर्ता उद्योग व्यवसाय | संख्या | १५५० | १५३० | २०५० | २२५० | २५०० |
| व्यवसाय करबाट संकलित राजस्व | संख्या | ४९०४९६५ | ५७१८९५४ | ९२००००० | १०१२०००० | १११३२००० |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छः

**तालिका नं. ३.११: उधोग, व्यापार तथा व्यवशाय उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा श्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट श्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | २८१४ | ३३८ | २४७६ | ० | ० | २८१४ | ० | ० |
| २०८१/०८२ | ३०९५ | ३७१ | २७२४ | ० | ० | ३०९५ | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८२/०८३ | ३४०४ | ४०८ | २९९६ | ० | ० | ३४०४ | ० | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छः

**तालिका नं. ३.१२: उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्टिल तथा काष्ठ फर्निचर तालिम कार्यक्रम | स्टिल तथा काष्ठ फर्निचर बनाउने जनशक्ति तय गर्ने। | सालवशाली | ४०० | १०० जना स्टिल तथा काष्ठ फर्निचर बनाउने जनशक्ति तय भएको हुनेछ। |
| २ | उद्यमशीलता बजार सम्बन्ध विस्तार सीप विकास एवम् व्यवसाय सुरुवाती सहयोग | सीप विकासमा सहयोग गर्ने। | २०८०/०८१ देखि २०८१/०८२ | ६०० | सिप विकास भइ स्थानीय आवश्यकताका वस्तुहरु निर्माण भएको हुनेछ। |
| ३ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | गरिवी निवारणमा सहयोग गर्ने। | सालवशाली | ८६० | लघु उद्यम विकास कार्यक्रम मार्फत गरिवी निवारणमा सहयोग पुगेको हुनेछ। |

### ३.४.९ जोखिम तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तहबीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। उपरोक्त अवस्था कायम रहन नसकेमा लक्ष्य हासिल गर्न कठिनाई हुन सक्नेछ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

यस नगरपालिकालाई पर्यटकीयगन्तव्यको रुपमा विकास गर्न पर्यटकीय क्षेत्रको गुरुयोजना निर्माण तथा अन्य आवश्यक पूर्वाधार विकासका लागि अन्तरपालिका, प्रदेश र संघसँग पहलद्धारा विविध क्रियाकलापहरु कार्यन्वयन हुन जरुरी छ। स्थानीय स्तरमा पर्यटन वस्तुको पहिचान गरी त्यसको प्रचार प्रसार, पर्यटकको औषत वसाई तथा खर्च वद्धि गर्न जोड सहित पर्यटन विमाको अवधारणा विकास तथा कार्यान्वयनमा अग्रसर रहेको छ। कृषि तथा धार्मिक पर्यटन प्रवर्द्धनका लागि

नगरपालिकाले जोड दिएको छ। ग्रामिण पर्यटनको विकास र विस्तारका लागि नगरपालिकाले पहल थालिसकेको छ।

### ३.५.२ समस्या तथा चुनौती

सिमित पर्यटकीय उत्पादन, पर्यटन सम्वन्धि नविनतम ज्ञान, सिप र योजनाको अभाव, कृषि लगायतका अन्य पर्यटकीय उत्पादनको पूर्वाधारमा कमी, पर्यटक गाईडको अभाव र प्राविधिक तथा सूचना केन्द्रको अभाव, युवा वर्गमा पुरानो रैथाने भाषा, कला र सांस्कृतिक परम्पराका साथै ऐतिहासिक सम्पदाप्रति आकर्षण घट्दै जानु र आधुनिकताका नाममा विभिन्न विदेशी संस्कृतिको नक्कल र विकृति मौलाउँदै जानु चुनौतिका रुपमा देखा परेको छ।

### ३.५.३ क्षेत्रगत सोच

"पर्यटकीय गन्तव्य र उत्पदानको पहिचान र विकास"

### ३.५.४ उद्देश्य

१. पर्यटनलाई स्थानीय अर्थतन्त्रको मेरुदण्डको रुपमा विकास गर्नु,

२. पर्यटन बजारको माग अनुरूपका पूर्वाधार तथा सुबिधाका विकास एवम् विस्तार गर्नु।

### ३.५.५ रणनीति

१. पर्यटनको क्षेत्रको विस्तारमार्फत आय आर्जन तथा रोजगारीको अवसर सृजना गर्ने।

२. पर्यटकीय गन्तव्यको विकास र विस्तार गरी आधारभुत सेवा सुविधाको सुनिश्चित गर्ने।

३. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने।

४. संस्कृति र सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्दै माग अनुसारका पर्यटकीय पूर्वाधार र सेवाको विस्तार गर्ने।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालिन खर्च संरचनाको योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.१३: पर्यटन तथा संस्कृति उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व२०७८/७९ सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| व्यवस्थित पर्यटकीय स्थान | संख्या | १ | १ | २ | ३ | ४ |
| औषत दैनिक आन्तरिक पर्यटक आगमन | संख्या | २०० | २०० | ३०० | ३५० | ४०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पर्यटकीय स्तरका होटेल तथा रेस्टुरेन्ट | संख्या | ४ | ४ | ५ | ६ | ७ |
| दैनिक पर्यटक राख्ने सामर्थ्य | संख्या | २०० | २०० | २५० | ३०० | ३५० |
| तालिम प्राप्त कुक तथा वेटर | संख्या | ३० | ५० | १०० | १५० | २०० |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान गरिएको छ।

**तालिका नं. ३.१४: पर्यटन तथा संस्कृति उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | १२३५० | १४८२ | १०८६८ | ० | १२०५० | ३०० | ० | ० |
| २०८१/०८२ | १३५८५ | १६३० | ११९५५ | ० | १३२५५ | ३३० | ० | ० |
| २०८२/०८३ | १४९४४ | १७९३ | १३१५० | ० | १४५८० | ३६३ | ० | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छः

**तालिका नं. ३.१५: पर्यटन तथा संस्कृति उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | पर्यटन प्रबर्द्धन कार्यक्रम (सामुदायिक वन तथा सिमसार क्षेत्र) | पर्यटनको प्रवर्द्धन गर्ने। | २०८०/०८१ देखि २०८१/०८२ | ५००० | पर्यटनको आगमन १० प्रतिशतले वृद्धि भएको हुनेछ। |
| २. | वडा नं. ५ को पुरानो रात्रिकालिन बजार सञ्चालन | पर्यटकीय आकर्षण निर्माण गर्ने। | सालवसाली | २००० | पर्यटक तथा स्थानीयहरुले रात्रिको समयमा पनि बजारमा समान खरिद गर्ने वातावरण निर्माण भएको हुनेछ। |
| ३. | वडा नं. ६ को बजार | पर्यटकीय आकर्षण | २०८०/०८१ | ४००० | पर्यटकीय हिसाबले बजारको |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थापन | वृद्धि गर्ने। | देखि २०८१/०८२ | | व्यवस्था भएको हुनेछ। |
| ४. | उद्योग वाणिज्य संघको अधुरो शौचालय निर्माण | पर्यटन विकासको लागि सरफाई गर्ने। | सालवसाली | १००० | उद्योग वाणिज्य संघको शौचालय निर्माणभइ सरफाई भएको हुनेछ। |

### ३.५.९ जोखिम तथा अनुमान

अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ। स्थानीय वेरोजगार युवाहरु पर्यटन व्यवसायमा आकर्षिक हुनेछन्। कोभिड लगायत अन्य महामारी, विपद्ले पर्यटन क्षेत्रको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्छ।

## ३.६ भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा

### ३.६.१ पृष्ठभूमि

नगरपालिकाका तर्फबाट कृषि तथा पशुपालन व्यवसाय, महिला, दलित, अपाङ्ग, असहाय तथा जेष्ठ नागरिहरुका क्षेत्रमा उल्लेखनिय कार्य गर्ने वित्तीय तथा सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्ने व्यवस्था रहेको छ। कृषि सहकारीहरु सञ्चालनमा रहेको र वित्तीय सेवामा पहुँच सहज रहेको छ। त्यसैगरी, नगरपालिकाले कमजोर क्षमतामा सञ्चालित सहकारीहरूको एकीकरण कार्यमा सहजीकरण, स्थानीय नागरिकको क्रयशक्ति अभिवृद्धि र सहकारीका माध्यमबाट निरपेक्ष गरीबी घटाउन सहकारीको बिशेष कार्यक्रम सञ्चालनको नीति लिएको छ।

### ३.६.२ समस्या तथा चुनौती

कारोवार र कर्जा तथा बचत सम्बन्धित प्रावधानको ज्ञान नहुँदा सर्वसाधारणका लागि सहज वित्तीय पहुँच कायम हुन नसकेको, बैंक प्रतिको विश्वसनीयतामा कमि, सार्वजनिक तथा सरकारी भूमि अतिक्रमण र अव्यवस्थित बसोबास तथा भूमिहीन समस्या तथा चुनौतिहरु हुन्।

### ३.६.३ क्षेत्रगत सोच

“सहकारीको मध्यमद्धारा रोजगारी सिर्जना”

### ३.६.४ उद्देश्य

१. सार्वजनिक जग्गाको अतिक्रमणलाई निस्तेज तुल्याउनु,

२. सहज, सुलभ तथा विश्वासनीय वित्तीय सेवाको विस्तार गर्नु,

३. वित्तीय सेवामा सबै नगरवासीको पहुँच र सहकारीमा सबै घरपरिवारको सहभागिता स्थापित गर्नु।

### ३.६.५ रणनीति

१. भू-स्वामित्व र अतिक्रमणसँग सम्बन्धित समस्यालाई अन्तरसरकार साझेदारीमा दीर्घकालीन समाधान गर्ने।

२. सहकारी संस्थालाई नगरपालिकाको प्रमुख विकास साझेदारको रुपमा विकास गर्ने।

३. नगरपालिका भित्र हुने गरेका अनौपचारिक आर्थिक गतिविधिलाई बैंक, सहकारी, वित्तीय संस्था र बचत ऋण समूह जस्ता औपचारिक क्षेत्रबाट कारोबार हुने वातावरण तयार गर्ने।

४. वित्तीय साक्षरता विस्तार गरि सहकारीलाई आर्थिक विकासको आधारका रुपमा विकसित गरी कृषि, उद्योग र पर्यटनसँग आवद्ध गराउने।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचनाको योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.१६: भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उप-क्षेत्रको त्रिवर्षीय नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व २०७८/७९ सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| स्थानीय स्तरमा सञ्चालित सहकारी | संख्या | १९ | | १९ | १९ | १९ |
| सहकारीमा पहुँच (घरबाट ३० मिनेट भित्रको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवार | प्रतिशत | ९८ | | ९९ | ९९ | १०० |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.१७: भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट श्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ९१० | १०९ | ८०१ | ० | ९१० | ० | ० | ० |
| २०८१/०८२ | १००१ | १२० | ८८१ | ० | १००१ | ० | ० | ० |
| २०८२/०८३ | ११०१ | १३२ | ९६९ | ० | ११०१ | ० | ० | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.१८: भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उपक्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी संस्थाहरुको नियमित तथा सघन अनुगमन निरिक्षण | सहकारी संस्थाहरुको अनुगमन निरिक्षण गर्ने। | २०८०/०८१ | ३०० | सहकारी संस्थाहरुको अनुगमन निरिक्षण गरि प्रतिवेदन समेत पेश गरेको हुनेछ। |

### ३.६.९ जोखिम तथा अनुमान

सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक भई स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन्। यस्ता संस्थाहरुको खराब कर्जा जोखिमका रुपमा रहेको छ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

सीप विकास तथा स्वरोजगारीका लागि सरकारीस्तरबाट विभिन्न अनुदान सहित आर्थिक प्राविधिक सहयोगको अभ्यास रहेको छ। स्थानीय रोजगारी प्रवर्द्धनका लागि घरेलु उद्योगको विकास गर्न सकिने प्रशस्त आधारहरु रहेका छन्। कृषि तथा गैर कृषि क्षेत्रमा औपचारिक तथा अनौपचारिक रोजगारीका अवसरहरु विस्तार हुँदै गएको छ। वैदेशिक रोजगारी तथा सरकारी सेवाको रोजगारीमा आक्रर्षण उच्च रहेको छ।

### ३.७.२ समस्या तथा चुनौती

तालिम तथा क्षमता विकास अवसरमा कमीका कारण श्रम बजारको मागअनुसारको दक्ष जनशक्तिमा कमी रहेको छ। रोजगारीमा अनिश्चितता र स्थानीय रोजगारीमा न्यून प्रतिफल चुनौतिका रुपमा रहेका छन्।

### ३.७.३ क्षेत्रगत सोच

"दिगो रोजगारी र आयमा वृद्धि"

### ३.७.४ उद्देश्य

१. दक्ष जनशक्तिको विकास गरी रोजगारी प्रवर्द्धन गर्नु।

### ३.७.५ रणनीति

१. संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक, पेशा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गरी श्रम बजारलाई व्यवस्थित गर्ने।
२. सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू, सहकारी तथा निजी क्षेत्रहरू बीच समन्वय, संयोजन र सञ्चारलाई प्रभावकारी बनाउँदै रोजगारी सिर्जनाको एकीकृत प्रयास गर्ने।
३. कार्य क्षेत्रमा आधारित तालिम, रोजगार सूचनाको प्रवाह तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगारीका अवसरहरूको सिर्जना गर्ने।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचनाको योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.१९: श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व २०७८/७९ सम्मको अवस्था | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| रोजगारी सिर्जना गर्न सञ्चालित आयोजना | संख्या | ४ | ४ | ५ | ६ | ७ |
| रोजगारीको वृद्धिदर | प्रतिशत | १ | १ | १.५ | १.५ | २ |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.२०: श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | १०८५७ | ६५१४ | ४३४३ | ० | ० | १०८५७ | ० | ० |
| २०८१/०८२ | ११४४५ | ६८६७ | ४५७८ | ० | ० | ११४४५ | ० | ० |
| २०८२/०८३ | १२६३९ | ७५८३ | ५०५६ | ० | ० | १२६३९ | ० | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.२१: श्रम तथा रोजगारी उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | परिवार योजना सेवा | श्रमिकको परिवारलाइ आत्मनिर्भर बनाउने। | २०८०/०८१ | १५२ | श्रमिकको परिवारहरु आत्मनिर्भर भएको हुनेछन्। |
| २. | सामाजिक अभिमुखीकरण कार्यक्रम- पुनःएकीकरण | सामाजिक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | २०८०/०८१ | ८४ | सामाजिक सुशासन कायम भएको हुनेछ। |
| ३. | सरोकारवालाहरुसंगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम | अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | सालवसाली | ८२ | अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुनेछ। |

### ३.७.९ जोखिम तथा अनुमान

श्रम, रोजगारी तथा गरिबी न्यूनीकरण सम्बन्धी आवश्यक नीति, कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। रोजगार प्रवर्द्धनका कार्यक्रममा निरन्तरता नभएमा अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ।

## ३.८ गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

गरिबी निवारण राष्ट्रिय संकल्प र स्थानीय सरकारको उच्च सरोकारको सवाल हो। विकासको प्रयासबाट प्रत्यक्ष अथवा अप्रत्यक्ष रुपमा हासिल हुने नतिजा मध्ये गरिबीनिवारण एक हो। हाल नेपालमा ठुलो मात्रामा गरिब लक्षित कार्यक्रम सञ्चालन भइरहेका छन्। उर्लाबारी नगरपालिकाले कृषि, पूर्वाधार, सिंचाई तथा उद्यम विकासको एक अपेक्षित लक्ष्यका रुपमा गरिबी निवारणलाई लिएको छ।

### ३.८.२ समस्या तथा चुनौती

नेपालमा गरिबी निवारणका लागि भएका प्रयत्नहरु सार्थक हुन सकेका छैनन्। क्षमता विकास भन्दा वितरणमूखी कार्यक्रम, वास्तविक गरिब पहिचानमा कमी, गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमबीच समन्वयको कमी यस क्षेत्रका प्रमुख समस्याहरू हुन। अज्ञानता, कुसंस्कार, सीप तथा दक्षतामा कमी र न्यून आय आर्जनका अवसरहरूले गरिबी निवारणका प्रयासहरू प्रभावकारी हुन सकिरहेका छैनन्। कृषि, पशुपालन, उद्योग तथा पर्यटन क्षेत्रबाट अति विपन्न वर्गको आयआर्जनलाई तुलनात्मक फाइदा पुर्याउन सकेको छैन। लक्ष्य अनुरूप गरिबी घटाउनु, असमानता बढनु र दिगो रोजगारीका अवसर सिर्जना गर्नु प्रमुख चुनौतिका रूपमा रहेका छन्।

### ३.८.३ क्षेत्रगत सोच

“आर्थिक वृद्धि, गरिबी निवारण र सम्मृद्धि”

### ३.८.४ उद्देश्य

१. निरपेक्ष गरिबीको रेखामूनी रहेको जनसंख्या घटाउनु,

२. गरिब वर्ग लक्षित उद्यम, व्यवसाय, सीप विकास तथा रोजगारीका अवसर सिर्जना गर्नु।

### ३.८.५ रणनीति

१. गरिब घरपरिवार पहिचान कार्यलाई व्यवस्थित र सोसँग सम्बन्धित विवरण अद्यावधिक गर्ने।

२. गरिब वर्गलाई लक्षित गरी क्षमता विकास, रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने।

३. उत्पादनमूलक रोजगारीका अवसरमा गरिबको पहुँच सुनिश्चित गरी आधारभूत आवश्यकताबाट बञ्चित गरिब घरपरिवारलाई तत्कालिन तथा दीर्घकालीन रूपमा आवश्यकताको सम्बोधन गर्ने।

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालिन खर्च संरचनाको योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.२२: गरिबी निवारण उप-क्षेत्रको त्रिवर्षीय नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व २०७८/७९ सम्मको अवस्था | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| प्रतिव्यक्ति वार्षिक औसत आय | ने.रु | १४०७ | १४१० | १४५० | १५०० | १५५० |
| निरपेक्ष गरिबीको रेखामूनी रहेको जनसंख्या | प्रतिशत | १७.४ | १७.४ | १६ | १५ | १४ |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.२३: गरिबी निवारण उप/क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | २०० | २०० | ० | ० | ० | २०० | ० | ० |
| २०८१/०८२ | २२० | २२० | ० | ० | ० | २२० | ० | ० |
| २०८२/०८३ | २४२ | २४२ | ० | ० | ० | २४२ | ० | ० |

### ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ३.२४: गरिबी निवारण उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | गुनासो सुनुवाइ कार्यक्रम | सुशासन मार्फत गरिबी निवारण गर्ने | २०८०/०८१ | २०० | जनताका गुनासाहरु निर्मुलिकरण भएको हुनेछ |

### ३.८.९ जोखिम तथा अनुमान

गरिबी निवारणको राष्ट्रिय लक्ष्य अनुरुप सबै तहको सरकारबाट लिने अग्रसरता प्रभावकारी भएको हुनेछ। गरिबीको तथ्यांक यथार्थ तथा अद्यावधिक भएको हुनेछ। गरिबी निवारणलाई विकास कार्यक्रमको अन्तरसम्बन्धित क्षेत्रका रूपमा लिइएको हुनेछ। उपरोक्त परिवेश कायम हुन नसके अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहन सक्छ।

# परिच्छेद ४
# सामाजिक क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

भौगोलिक सहजताका कारण उर्लाबारी नगरपालिकालाई शिक्षाको केन्द्रको रुपमा विकास गर्न सक्ने अवसरहरु रहेका छन्। नगरपालिकाको शिक्षा प्रणालीमा स्थानीय आवश्यकता सुहाउँदो शिक्षा ऐन, नियमावली र कार्यविधि बनाई त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ। विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न व्यवहारिक तथा रोजगारमुलक शिक्षा प्रणालीलाई अवलम्बन गर्ने, शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम लागु गर्ने, सबै विद्यालयहरुलाई सूचना र प्रविधियुक्त बनाउने र प्रत्येक वडामा नमुना व्यावसायिक विद्यालय सञ्चालन गर्ने नीति लिएको छ। नगरपालिका भित्र रहेका प्राविधिक कलेजहरुलाई गुणस्तरीय बनाउने र नगरपालिकालाई "गुणस्तरीय शैक्षिक नगर" रुपमा विकास गर्नेतर्फ नगरपालिका अग्रसर रहेको छ। विभिन्न भाषाभाषी रीतिरिवाज धर्म संस्कृतिहरुको अध्ययन र अनुसन्धान, संरक्षण विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइएको छ। प्रविधिको उपयोगमा विस्तारले व्यापकता पाएको छ।

### ४.१.२ समस्या तथा चुनौती

विकासमा भौतिक पूर्वाधारको आधुनिकीरण नहुन, वडागत जनघनत्वका आधारमा विद्यालयको व्यवस्था हुन नसक्नु, परिवर्तित अवस्थामा शिक्षा प्रणाली व्यावसायिक र उत्पादनमुखी हुन नसक्नु, मध्यम तथा निम्न आय भएका र आदिवासी, जनजाति साथै सुकुम्वासी परिवारका बालबालिकाहरुका लागि विद्यालयमा शैक्षिक सामग्री अभाव, विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान तथा आविष्कारका लागि प्रोत्साहनको कमी रहेका छन्।

### ४.१.३ क्षेत्रगत सोच

"गुणस्तरीय तथा प्रवाधिक शिक्षा, नगरको पहिचान"

### ४.१.४ उद्देश्य

१. गुणस्तरीय शिक्षामा सबै क्षेत्र र बर्गको पहुँच कायम गर्नु,

२. भौतिक सुबिधा एवम् स्रोतसाधन सम्पन्न विद्यालय तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने,

३. विज्ञान तथा प्रविधिको प्रवर्द्धन गर्ने।

### ४.१.५ रणनीति

१. गुणस्तरिय तथा व्यावसायिक शिक्षा प्रणाली अवलम्बन गर्ने।

२. विद्यालयलाई प्रविधिक शिक्षा केन्द्रको रुपमा विकास गर्ने।

३. आर्थिक सामाजिक रुपमा पछाडि परेको वर्गका विद्यार्थीलाई शिक्षामा समान अवसर कायम गर्न विशेष छात्रवृत्तिको व्यवस्था गर्ने।

४. विज्ञान तथा प्रविधिको संरक्षण तथा संवर्द्धनमा जोड दिने।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१: शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| प्रारम्भिक वाल विकास केन्द्र/पूर्व प्रा वि भर्ना दर | प्रतिशत | ७२.२५ | ६९.९४ | ७६.९७ | ७७.४ | ८४.२ |
| कक्षा १ को नव प्रवेशी मध्ये पूर्व प्राथमिक शिक्षा अनुभव प्रतिशत | प्रतिशत | ८६.२४ | ७९.४२ | ९०.६३ | ९३.५ | ९४.८ |
| खुद भर्ना दर आधारभूत तह | प्रतिशत | ७७.३८ | ७४.७४ | ८२.६ | ८५ | ८६.९४ |
| खुद भर्ना दर माध्यमिक तह | प्रतिशत | ७४ | ७४.२ | ७७.४ | ७९.३ | ८३ |
| विद्युत पहुँच भएका विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| इन्टरनेट पहुँच भएका विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| टिकाउ दर - आधारभूत तह | प्रतिशत | ८४.४२ | ७८.५ | ८९.७४ | ९१.५ | ९३ |
| टिकाउ दर - माध्यमिक तह | प्रतिशत | ८१.२३ | ७०.६२ | ८५.५ | ८७.१८ | ८९.३१ |
| विद्यालय छाड्ने दर - आधारभूत तह | प्रतिशत | १२.१५ | ८.५८ | ८.६८ | ७.६६ | ६.६ |
| विद्यालय छाड्ने दर - माध्यमिक तह | प्रतिशत | १०.४१ | ८.७१ | ७.६१ | २.६४ | ३.७ |
| वाल कक्षा सञ्चालन गर्ने विद्यालय संस्थागत | संख्या | ३२ | ३४ | ३४ | ३४ | ३४ |
| वाल कक्षा सञ्चालन गर्ने विद्यालय सामुदायिक | संख्या | २७ | २७ | २७ | २७ | २७ |
| समुदायमा आधारित बाल विकास केन्द्र | संख्या | ० | ० | ० | ० | ० |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक - आधारभूत तह | प्रतिशत | ७१.६ | ६७.९ | ७६.९ | ७९.४ | ८२.४ |
| कक्षा ८ को सिकाई उपलव्धी - | प्रतिशत | ६१.७ | ६०.९ | ६८.४ | ७२.३ | ७५.३ |

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| समग्र | | | | | | |
| कक्षा ८ को सिकाई उपलव्धी - अंग्रेजी | प्रतिशत | ६०.४ | ६८.८ | ६५.५ | ६९.३ | ७३.१ |
| कक्षा ८ को सिकाई उपलव्धी - गणित | प्रतिशत | ५३ | ५५.५ | ६०.८ | ६४.४ | ६८.४ |
| कक्षा ८ को सिकाई उपलव्धी - विज्ञान | प्रतिशत | ५९ | ६१.४ | ६७.२ | ७०.३ | ७५.२ |
| कक्षा ८ को सिकाई उपलव्धी - नेपाली | प्रतिशत | ६०.९ | ६१.१ | ६८.२ | ७१.३ | ७४.९ |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.२: शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | १५९७९ | ६३९१ | ९५८८ | ० | १४१ | १५७८८ | ५० | ० |
| २०८१/०८२ | १७५७६ | ७०३० | १०५४६ | ० | १५५ | १७३६६ | ५५ | ० |
| २०८२/०८३ | १९३३३ | ७७३३ | ११६०० | ० | १७० | १९१०२ | ६१ | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.३: शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र.स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | विद्यार्थीलाइ दिवा खाजाका उपलव्ध गराउने। | सालवसाली | १०००२ | विद्यार्थीलाइ दिवा खाजा उपलव्ध भएको हुनेछ। |
| २. | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान कार्यक्रम | सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री खरिद गर्ने। | सालवसाली | ४१७७ | सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री खरिद भइ सिकाई कार्य प्रभावकारी भएको हुनेछ। |
| ३. | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान कार्यक्रम | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्था गर्ने। | सालवसाली | ८९७४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्रीको व्यवस्था भएको हुनेछ। |
| ४. | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान कार्यक्रम | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको व्यबस्था गरि पठनपाठन प्रवाभकारी बुने। | सालवसाली | ८९७४ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको नियुक्ति भइ शिक्षाको गुणस्तर कायम भएको हुनेछ। |
| ५. | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान कार्यक्रम | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षण कार्य प्रवाभकारी बनाउने। | सालवसाली | ६८१६ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षणकार्य प्रवाभकारी भएको हुनेछ। |
| ७. | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यक्रम | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्ने। | सालवसाली | २९०१ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण भएको हुनेछ। |
| ८. | उर्लाबारी क्वालिटी | उर्लाबारी क्वालिटी | सालवसाली | २०००० | उर्लाबारी क्वालिटी एजुकेशनल |

| | | | | | |
|---|---|---|---|---|---|
| | एजुकेशनल डेभलपमेन्ट एण्ड लिट्रेसी प्रोजेक्ट | एजुकेशनल डेभलपमेन्ट एण्ड लिट्रेसी प्रोजेक्ट मार्फत शिक्षाको विकास गर्ने। | | | डेभलपमेन्ट एण्ड लिट्रेसी प्रोजेक्ट मार्फत शिक्षा सुधार भएको हुनेछ। |

### ४.१.९ जोखिम तथा अनुमान

नगरपालिकाले सामाजिक विकास सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनेछ। अन्तर सरकार र समुदायको सहकार्य र साझेदारीमा वृद्धि नभए लक्ष्य हासिल हुन कठिनाइ उत्पन्न हुन सक्नेछ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

नगरपालिकामा सम्पूर्ण सेवा सुविधा प्राप्त अस्पतालका साथै स्वास्थ्य केन्द्रहरु रहेका छन्। नगरपालिकाले निशुल्क स्वास्थ्य शिविरको व्यवस्था, खोप कार्यक्रमलाई व्यवस्थित बनाउने, मातृ तथा नवजात शिशु मृत्यू दर घटाउने, तथा ५ बर्ष मुनिका बालबालिकाहरु तथा १५ देखि ४९ बर्षका महिलाको पोषण स्वास्थ्य स्थिति सुधार गर्न वडा-वडामा बर्थिङ्ग सेन्टर सहितको स्वास्थ्य चौकीको व्यवस्था गर्ने, व्यवहार परिवर्तनका लागि आवश्यक कार्यक्रम अधि सार्ने र स्वास्थ्य सेवालाई ज्येष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्ग मैत्री बनाउने कार्यकमहरु सञ्चालन गरेको छ। पछिल्ला दिनमा स्वास्थ्य तथा पोषणका क्षेत्रमा सकारात्मक सुधारहरु भएका छन्।

### ४.२.२ समस्या तथा चुनौती

**समस्या**

सन्तुलित आहार र स्वस्थ जीवनशैली प्रति अभ्यस्त नहुनु, पाँच वर्षमुनिका करिब आधा बालबालिका र प्रजनन उमेरका महिलामा न्युन पोषण र रक्तअल्पता रहनु, नसर्ने प्रकृतिका रोगको प्रकोप बढ्नु, सरूवा रोग जनस्वास्थ्य समस्याका रूपमा रहनु, ज्येष्ठ नागरिकको स्वास्थ्य बढी जोखिममा रहनु, वंशाणुगत तथा जन्मजात रोग, वातावरणीय स्वास्थ्य, युवा किशोर-किशोरीको यौन तथा प्रजनन स्वास्थ्यको सम्बोधन नहुनु, जलवायु प्रदूषण, खाद्य असुरक्षा तथा प्राकृतिक विपद्ले सृजना हुने स्वास्थ्यमा बढ्दो खतरा हुनु, आम नागरिकले सरल र सहज स्वास्थ्य सेवा प्राप्त गर्न नसक्नु, निरोधात्मक (Preventative) र उपचारात्मक (Curative) स्वास्थ्य पद्धति प्रति सन्तुलित सचेतनाको अभाव हुनु, दुर्गम/ग्रामीण क्षेत्रका नागरिकमा स्वास्थ्य सेवाको अभाव हुनु आदि प्रमुख समस्या हुन्।

चुनौती

आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु, आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य प्रणालीलाई स्वास्थ्य सेवाको मूल प्रवाहमा एकीकरण गर्नु, निजी क्षेत्रका स्वास्थ्य संस्थाको नियमन गर्नु तथा स्वास्थ्य सेवा शुल्क आम नागरिकको पहुँचमा राख्नु, स्वास्थ्यसम्बन्धी जनशक्ति र पूर्वाधारको व्यवस्था गर्नु, प्रेषण (Referral) स्वास्थ्य सेवा उपलब्ध गराउनु,

अत्याधुनिक प्रविधि र उपकरणको उपलब्धता सुनिश्चित गर्नु, दुर्गम र पिछडिएको क्षेत्रमा विज्ञ तथा स्वास्थ्य जनशक्ति टिकाई राख्नु, सबै नागरिकलाई स्वास्थ्य बीमाको दायरामा ल्याउनु, निर्धारित निःशुल्क औषधी उपलब्ध गराउनु, उपचारमा अनुसन्धान पद्धति अबलम्बन गर्नु, अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा सरसफाइ र फोहोर मैलाको उचित व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन।

### ४.२.३ सोच

"स्वस्थ नागरिकः सक्षम नगरपालिका"

### ४.२.४ उद्देश्य

१. सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु।
२. विशिष्टिकृत तथा प्रेषण (Referral) सेवा विस्तार गर्नु।
३. आयुर्वेद लगायत वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नु।

### ४.२.५ रणनीति

१. गुणस्तरीय आधारभूत स्वास्थ्य तथा पोषण सेवाको पहुँच बढाउने।
२. दुर्गम तथा पिछडिएका क्षेत्रमा स्वास्थ्य तथा पोषण सेवाको विस्तार गर्ने।
३. स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि गरी रोगको न्युनीकरण गर्ने।
४. निरोधात्मक स्वास्थ्य पद्धतिको विकास र विस्तार गर्ने।
५. विशिष्टिकृत तथा रिफरल स्वास्थ्य सेवाको विस्तार र सुदृढीकरण गर्ने।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

# तालिका नं. ४.४: स्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| नियमित तौल अनुगमन गर्ने २ वर्ष मुनिका वालवालिकाहरूको औषत तौल अनुगमन | संख्या | ३ | ४ | ५ | १० | १५ |
| दुई वर्ष मुनिका कम तौल हुने बालबालिका संख्या | संख्या | ३ | ३ | ० | ० | ० |
| पाँच वर्ष मुनिका बालबालिकामा स्वासप्रस्वास संक्रमण दर | प्रति हजार | २४३ | २९९ | २०० | १५० | १०० |
| पाँच वर्ष मुनिका बालबालिकामा निमोनिया संक्रमण दर | प्रतिशत | २२ | १५ | १० | ८ | ७ |
| पाँच वर्ष मुनिका बालबालिकामा झाडापखला संक्रमण दर | प्रति हजार | १०२ | १३७ | १०० | ८० | ६० |
| परिवार नियोजन आधुनिक साधन प्रयोगकर्ता दर | प्रति हजार | ३९ | ४२ | ५० | ६० | ६५ |
| प्रोटोकलअनुसार चार पटक पुर्वप्रसूती सेवा प्राप्त गर्ने महिलाहरूको संख्या | प्रति हजार | ४४ | ५९ | ६५ | ७५ | ९० |
| गर्भवती अवस्थामा १८० चक्की आईरन खाने महिलाहरूको | प्रतिशत | ३८ | ७० | ८५ | ९० | ९५ |
| सुत्केरी पछिको ४५ दिनसम्म आईरन चक्की खाने महिला संख्या | प्रतिशत | ४४ | १२१ | १०० | १०० | १०० |
| प्रोटोकलअनुसार तीन पटकको गर्भ जाँच गर्ने महिलाहरूको संख्या | प्रतिशत | १० | १३ | २० | ३० | ५० |
| घरमै सुत्केरी हुने महिला संख्या | प्रतिशत | ० | २ | ० | ० | ० |
| Penta भ्याक्सिनको तीन मात्रा लगाउने बच्चाहरूको संख्या | प्रतिशत | ९० | ८८ | ९५ | ९८ | १०० |
| राष्ट्रिय खोप कार्यक्रममा | प्रतिशत | ८० | ७६ | ९० | ९५ | १०० |

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| समावेश गरिएका सबै खोपहरूद्वारा समेटिएका वालावालिका संख्या | | | | | | |
| गर्भवति महिलाहरू TD2nd र TD2+ खेपलगाउनेको संख्या | प्रतिशत | ४६ | ३२ | ५० | ७५ | ९० |
| स्वास्थ्य क्षेत्रको कुल खर्च | प्रतिशत | ६३ | ७५ | ९० | ९५ | १०० |
| क्षयरोग संक्रमण दर | प्रति लाखमा | १४२ | १३८ | १२० | ११० | १०० |
| स्वास्थ्य विमामा सहभागी नागरिकहरूको संख्या | जना | ३७७ | १५२८ | २००० | २२०० | २५०० |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.५: स्वास्थ्य तथा पोषण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ५३८०० | १०७६० | ४३०४० | ० | २००० | ५१८०० | ० | ० |
| २०८१/०८२ | ५९१८० | ११८३६ | ४७३४४ | ० | २२०० | ५६९८० | ० | ० |
| २०८२/०८३ | ६५०९८ | १३०१९ | ५२०७८ | ० | २२२० | ६३५७८ | ० | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

## तालिका नं. ४.६: स्वास्थ्य तथा पोषण उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण

| क. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पालिका अन्तर्गत निर्माणाधिन ५/१०/१५ शैय्या आधारभूत अस्पतालको श्रृजित दायित्व भुक्तानी कार्यक्रम | नगरपालिका अन्तर्गत निर्माणाधिन ५ /१०/१५ शैय्या आधारभूत अस्पतालको निर्माण सम्पन्न गर्ने। | २०८०/०८१ | २३०० | नगरपालिका अन्तर्गत निर्माणाधिन ५ /१०/१५ शैय्या आधारभूत अस्पतालको निर्माण सम्पन्न भएको हुनेछ। |
| २ | विपन्न जेष्ठ नागरिक तथा दिर्घरोगका लागि आवश्यक पर्ने औषधिहरु खरीद कार्यक्रम | विपन्न जेष्ठ नागरिक तथा दिर्घरोगका लागि उपचार सहयोग गर्ने। | सालबसाली | १९०० | विपन्न जेष्ठ नागरिक तथा दिर्घरोगका औसधि खरिद भएको हुनेछ। |
| ३ | माहामारी जन्य तथा मौसमी रोगहरु नियंत्रण उपचार तथा रोकथामको लागी आवश्यक पर्ने औषधिहरु खरिद | माहामारी जन्य तथा मौसमी रोगहरु नियंत्रण गर्ने। | २०८०/०८१ | १५०० | माहामारी जन्य तथा मौसमी रोगहरु नियंत्रण भएको हुनेछ। |
| ४ | नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट निसुल्क वितरणका लागि अत्यावश्यक औषधिहरु खरीद | निसुल्क वितरणका लागि अत्यावश्यक औषधिहरु खरीद गर्ने। | सालवसाली | ३००० | निसुल्क वितरणका गर्ने अत्यावश्यक औषधिहरु खरीद गरिएको हुनेछ। |
| ५ | अति विपन्न र गरीव वर्गलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी सहायता | अति विपन्न र गरीव वर्गलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी सहायता गर्ने। | सालवसाली | १००० | अति विपन्न र गरीव वर्गलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी सहायता गर्ने। |

### ४.२.९ जोखिम तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुन सक्छ।

## ४.३ खानेपानी तथा सरसफाइ

### ४.३.१ पृष्ठभूमि

नगरपालिकाले खानेपानी तथा सरसफाई उपभोक्ता समिति मार्फत नगरवासीलाई शुद्ध खानेपानीको व्यवस्था मिलाउने प्रयास गरेको छ। नगरपालिकामा हाल सञ्चालित विभिन्न खानेपानी उपभोक्ता समिति मार्फत नगरपालिका घरधुरीलाई शुद्ध प्रशोधित खानेपानी वितरण गरेको छ। सबै घरपरिवारमा शौचालयको निर्माण भइ सकेको छ। सरकारी, नीजि र समुदायको त्रिपक्षीय सहकार्यमा आधारित खानेपानी तथा सरसफाई कार्यक्रम पूर्ण सरसफाईका सूचकहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र स्वच्छ खानेपानी तथा सरसफाई सम्वन्धी सचेतना तथा व्यवहार परिवर्तनबारे कार्यक्रम सञ्चालन गरिएको छ।

### ४.३.२ प्रमुख समस्या तथा चुनौती

**समस्या**

खानेपानीका पर्याप्त स्रोत नहुनु र भएका पनि संरक्षण नहुनु, सरसफाइ चेतनाको कमी, खानेपानी सम्बन्धी ऐन, कानून तथा नीति, नियम तयार भई नसक्नु, खानेपानी सम्बन्धी संस्थागत पूर्वाधार र प्राविधिक जनशक्तिको कमी, खानेपानीको मुहानसम्बन्धी विवाद रहनु, अधुरा आयोजनाको संख्या उल्लेखनिय रहनु, ठूला आयोजनाका लागि पर्याप्त बजेट विनियोजन नहुनु, विकास निर्माण कार्यमा जथाभाबी यान्त्रिक उपकरण प्रयोगका कारण पानीको मुहान सुक्नु आदि प्रमुख समस्या हुन्।

**चुनौती**

सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु, नगरपालिकालाई पूर्ण सरसफाइयुक्त बनाउनु, उपभोक्ता संस्थाको स्थायित्व, परिचालन र नेतृत्वको विकास गर्नु, पानीको गुणस्तर कायम गर्नु, आधारभूत सरसफाइ बारेमा जनचेतना फैलाउँदै फोहोर मैला व्यवस्थापन गर्नु, शहरी क्षेत्रमा ढल निकासको उचित व्यवस्था गर्नु, खानेपानीका स्रोतको संरक्षण गर्नु आदि प्रमुख चुनौती हुन्।

### ४.३.३ क्षेत्रगत सोच

"नगरबासीको अगुवाइ : स्वच्छ खानेपानी र सरसफाइ"

### ४.३.४ उद्देश्य

गुणस्तरीय पूर्वाधार विकास गरी खानेपानी तथा सरसफाइको सुविधा विस्तार गर्नु।

४.३.५ रणनीति

१. स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा पुऱ्याउन अन्तर-सरकार समन्वय र सहकार्य गर्ने।
२. खानेपानीको गुणस्तर कायम गर्ने।
३. समुदाय, विद्यालय र उपभोक्ता संस्थामा खानेपानी र सरसफाइ सम्बन्धी सचेतना ल्याउने।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.७: खानेपानी तथा सरसफाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| आधारभूत खानेपानी सुबिधा उपलब्ध घरपरिवार | संख्या | ६२६८ | ६२६८ | ८००० | १२००० | १५००० |
| शौचालय भएका परिपरिवार | संख्या | १७३६५ | १७३६५ | १७५०० | १७६०० | १७६५० |
| व्यवस्थित शौचालय (वाटरशिल प्यान भएको) भएका घरपरिवार | प्रतिशत | ९९४१ | ९९४१ | ११००० | १३००० | १५००० |
| सार्वजनिक शौचालय | संख्या | ६९ | ६९ | ७० | ७२ | ७५ |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी तथा सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.८: खानेपानी तथा सरसफाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ८६५० | १७३० | ६९२० | ० | ४६५० | ४००० | ० | ० |
| २०८१/०८२ | ९५१५ | १९०३ | ७६१२ | ० | ५११५ | ४४०० | ० | ० |
| २०८२/०८३ | १०४६६ | २०९३ | ८३७३ | ० | ६२२६ | ४८४० | ० | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.९: खानेपानी तथा सरसफाई उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सरसफाई सेवा शुल्क | सरसफाइ गर्ने। | २०८०/०८१ | ५२५० | सरसफाइ भएको हुनेछ। |
| २ | उर्लाबारी खानेपानि | खानेपानिको पहुच पुर्याउने। | २०८०/०८१ | २००० | ४५ प्रतिशत जनतालाई खानेपानिको सुविधा पुगेको हुनेछ। |
| ३. | टोल विकास संस्था सरसफाई सञ्चालन कार्यक्रम | टोल विकास संस्थालाई सक्रिय बनाउने | १०८०/०८१ | १००० | टोल विकास संस्था सक्रियभइ समाजसेवामा संलग्न भएको हुनेछ। |

### ४.३.९ जोखिम तथा अनुमान

प्रस्तातिव बजेट, कार्यक्रम सुनिश्चितता भई आयोजना सञ्चालन तथा मर्मत संभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ। आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन हुन नसक्नु खानेपानी र सरसरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ।

## ४.४ महिला, बालबालिका सामाजिक संरक्षण र समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

लैङ्गिक समता तथा सामाजिक समावेशीकरणको मूल मान्यतालाई अंगिकार गर्दै नगरपालिकाले समाजका अल्पसंख्यक, पिछडिएका वर्ग, जनजाति तथा महिलाको निर्णय प्रकृयामा पहँच वृद्धि गर्ने अवसर प्राप्त गरेको छ। बालबालिकाको पहुँच र क्षमता विकासका वडा स्तरीय बालमञ्च गठन भएका छन्। सडक बालबालिकाको उचित व्यवस्थापनका लागि सडक बालबालिका उद्धार कार्य सञ्चालन भइरहेको छ। अपांगता भएका व्यक्तिको हकहित, सामाजिक न्याय र पैरवीका लागि प्रत्येक वडामा अपांगता वडा सञ्जाल गठन गरिने निर्णय गरी कार्य अघि बढिरहेको अवस्था छ। यस नगरपालिकामा लागु पदार्थ दुर्व्यवशनी तथा सुधार गृहहरु संचालनमा रहेका छन्। लैंगिक हिंसा निवारणका लागि नगरपालिकाले विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ।

### ४.४.२ समस्या तथा चुनौती

लक्षित वर्ग, पिछडिएको वर्गमा स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ। स्थानीय स्तरको योजना रहेता पनि प्रत्यक्ष अर्थपूर्ण सहभागिता नहुदा तर्जुमा गरिएका कार्यक्रमहरूबाट प्रभावकारी कार्यान्वयनको भौतिक संरचनाहरु बालबालिका, अपाङ्ग तथा महिलामैत्री नहुनु तथा जातिय छुवाछुतको अभ्यास कायमै रहनु चुनौतिका रुपमा रहेको छ।

### ४.४.३ क्षेत्रगत सोच

"समतामूलक र सभ्य समाजको निर्माण"

### ४.४.४ उद्देश्य

महिला र पछाडी पारिएका वर्गको क्षमता अभिवृद्धि र निर्णय प्रक्रियामा सहभागिता सुनिश्ति गर्नु।

### ४.४.५ रणनीति

१. अन्तरसरकारी सहकार्यमा समावेशीकरणको व्यावहारिक कार्यान्वयन गर्ने।

२. लक्षित वर्गको क्षमता विकासमार्फत आत्मा सम्मानको अभिवृद्धि र सार्वजनिक लाभमा न्यायोचित पहुँच सुनिश्चित गर्ने।

३. नगरपालिकालाई महिला, जेष्ठ नागरिक, अपांग तथा बालमैत्री नगरको रुपमा विकास गर्ने।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालिन खर्च संरचनाको योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१०: महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| व्यावसायिक सीपमूलक तालिम लिने लक्षित वर्गको जनसंख्या | संख्या | २०० | २०० | २५० | ३०० | ४०० |
| निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा समेटिएको विपन्न लक्षित वर्गको घरपरिवार | संख्या | ३७७ | ५०० | १२०० | १५०० | २००० |
| निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा समेटिएका अपांगता भएका व्यक्ति | प्रतिशत | ५०० | ५०० | ६०० | ७०० | ८०० |
| संस्थागत क्षमता विकास तालिम हासिल गरेका महिला | संख्या | - | - | - | - | - |
| बालमैत्री घोषणा भएका वडा | प्रतिशत | ० | ० | ० | ० | ० |
| महिला हिंसाका घटना | संख्या | २९ | २५ | २० | १५ | १० |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.११: महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ७६८९८ | १५३७९ | ६१५१८ | ० | ५१००० | २४०९८ | १८०० | ० |
| २०८१/०८२ | ८४५८७ | १६९१७ | ६७६६९ | ० | ५६१०० | २६५०७ | १९८० | ० |
| २०८२/०८३ | ९३०४५ | १८६०९ | ७४४३६ | ० | ६१७१० | २९१५७ | २१७८ | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१२: महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य विमा कार्यक्रम | स्वास्थ्य विमा मार्फत जनताको वचत बढाउने। | सालवसाली | ७५०० | २० प्रतिशत जनताको स्वास्थ्य विमा भएको हुनेछ। |
| २ | आदिवासी जनजातिको सिप विकास तथा धर्म संस्कृति प्रबर्द्धन कार्यक्रम | आदिवासी जनजातिको सिप विकास तथा धर्म संस्कृति प्रबर्द्धन गर्ने। | २०८०/०८१ देखि २०८२/०८३ | २००० | आदिवासी जनजातिको सिप विकास भइ जीवन यापनमा सहज भएको हुनेछ। |
| ३ | मधेसी मुस्लिम र क्रिश्चियन धर्म तथा संस्कृति प्रबर्द्धन कार्यक्रम | धर्म तथा संस्कृति प्रबर्द्धन गर्नु। | २०८०/०८१ देखि २०८२/०८३ | १५०० | धर्म तथा संस्कृति प्रबर्द्धन भएको हुनेछ। |
| ४ | युवा तथा खेलकुद प्रबर्द्धन र विकास | युवा तथा खेलकुद प्रबर्द्धन गर्नु। | सालवसाली | ५००० | खेलकुदको विकास भएको हुनेछ। |
| ५ | विपन्न जनता आवास कार्यक्रम | विपन्न जनता आवासको व्यवस्था गर्ने। | २०८०/०८१ देखि २०८२/०८३ | ७५०० | विपन्न जनताको लागि आवास निर्माण भएको हुनेछ। |
| ६ | उर्लाबारी बहुमुखी क्याम्पसको भवन निर्माण | सिक्षाको विकास गर्ने। | २०८०/०८१ देखि २०८२/०८३ | १०००० | सिक्षाको गुणस्तरमा सुधार आएको हुनेछ। |
| ७ | विपन्न धारा जडान कार्यक्रम | विपन्न जनताको जीवन सहज बनउने। | २०८०/०८१ | ४००० | विपन्न जनताको घरमा धारा जडान भएको हुनेछ। |

### ४.४.९ जोखिम तथा अनुमान

सम्बन्धित कार्यक्रममा प्राथमिकताकासाथ बजेट विनियोजन, व्यावहारिक कार्यान्वयन तथा नीति निर्माण भएको हुनेछ। यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्छ।

## ४.५ युवा खेलकुद तथा नवप्रवर्तन

### ४.५.१ पृष्ठभूमि

स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धि गरी युवाको सशक्तिकरण र विकासमा परिचालनको नीति अवलम्बन गरिएको छ। सीप विकास, स्वरोजगारी र आत्मनिर्भरताका अवसरहरु सिर्जना भएका छन्। खेल क्षेत्रको विकासका लागि स्थानीयस्तरमा खेल आयोजना तथा खेलाडीलाई सहयोग तथा सम्मानको अभ्यास रहेको छ। नगरपालिकाले युवाहरुलाई लागु पदार्थ तथा दुर्व्यसनबाट सचेत गराउने नीति स्थानीय सरकारले लिएको छ।

### ४.५.२ समस्या तथा चुनौती

विभिन्न तहका सरकारबीच युवा तथा खेलकुद सम्बन्धी योजना कार्यान्वयनको कमि, खेल मैदान लगायतका खेल पूर्वाधारको विकास पर्याप्त नहुनु, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, दुर्व्यसन र वैदेशिक रोजगारीमा आक्रर्षण, स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकता कमी र खेलाडीको भविश्यको अनिश्चिता, समस्याको रुपमा रहेको छ।

### ४.५.३ क्षेत्रगत सोच

"सिर्जनशील युवा तथा सर्वाङ्गिण विकास"

### ४.५.४ उद्देश्य

१. युवालाई अनुसाशित, आत्मनिर्भर तथा स्वरोजगार गराउनु,

२. खेल क्षेत्रलाई विशिष्टकृत तथा व्यावसायिक तुल्याउनु।

### ४.५.५ रणनीति

१. युवा वर्गको क्षमता विकास गरी उनीहरूलाई सामाजिक, अर्थिक र खेलकुदका गतिविधिमा संलग्न गराउने।

२. युवाहरूमा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने।

३. खेल पूर्वाधार, सामग्री तथा प्रशिक्षणको व्यवस्था गरी प्रतिस्पर्धी खेल क्षमताको विकास गर्ने, विकास प्रक्रियामा युवाको समावेशीकरण र सहभागिता सुनिश्चित गर्ने।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालिन खर्च संरचनाको योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१३: युवा तथा खेलकुद उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| प्रदेश तथा राष्ट्रिय स्तरीय प्रशिक्षण प्राप्त खेलाडी संख्या | संख्या | १३ | १३ | २० | ३० | ४० |
| नगरमा आयोजना हुने खेल संख्या | संख्या | - | - | - | - | - |
| खेल मैदान संख्या | संख्या | १६ | १६ | १७ | १८ | १९ |
| कभर्ड हल संख्या | संख्या | - | - | - | - | - |
| व्यायामशाला संख्या | संख्या | - | - | - | - | - |

*स्रोत: आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **युवा तथा खेलकुद** उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१४: युवा तथा खेलकुद उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ९१९२ | १८३८ | ७३५४ | ० | ८४८४ | ७०० | २०० | ० |
| २०८१/०८२ | १०१११ | २०२२ | ८०८९ | ० | ९३३२ | ७७० | २२० | ० |
| २०८२/०८३ | १११२२ | २२२४ | ८८९७ | ० | १०२६५ | ८४७ | २४२ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१५: युवा तथा खेलकुद उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ब्याटमिन्टन कोर्ट (कबर्ड हल) निर्माण | खेलकुदको विकास गर्ने। | २०८०/०८१ देखि २०८१/०८२ | ३९०००० | खेलकुदको विकास भएको हुनेछ। |
| २ | धिमालजाती विकास केन्द्र केन्द्रिय परियोजनास्थल खेलमैदान निर्माण | खेलमैदान निर्माण गर्ने। | २०८१/०८१ | १००० | खेलमैदान निर्माण भएको हुनेछ। |
| ३ | खेलकुद कार्यक्रम तथा सामाग्री खरिद | खेलकुद सामाग्री खरिद गर्ने। | सालवसाली | ८०० | खेलकुद सामाग्री खरिद गरी कार्यक्रम सञ्चालन भएको हुनेछ। |

### ४.५.९ जोखिम तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्थाभइ यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुन सक्छ।

# परिच्छेद ५
# पूर्वाधार क्षेत्र

## ५.१ बस्ती विकास, आवास तथा भवन

### ५.१ पृष्ठभूमि

नगरपालिकाका अधिकांश जमिन समथर र सडक तथा विद्युत जस्ता पूर्वाधारको विकास भएकाले आवास र बस्ती विकासका लागि नगरक्षेत्र उपयुक्त रहेको छ। पूर्व पश्चिम राजमार्गले छोएको बजार देखि परम्परागत बस्तीहरु समेत यस क्षेत्रमा रहेका छन्। नगरपालिकाको सबै वडा केन्द्र, प्रमुख बजार क्षेत्र र पर्यटक स्थलहरुमा आधुनिक सुबिधा सम्पन्न आबास तथा बस्ती विकास हुँदै गएको छ। निजी घरहरु नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुसार निर्माणको थालनी भएको छ।

### ५.१.२ समस्या तथा चुनौती

नगरपालिकामा भूउपयोग योजना कार्यन्वयनको कमीका कारण अव्यवस्थित जग्गा प्लटिङ भएको अवस्था छ। भवन निर्माणमा मापदण्ड पालना, व्यवस्थित बस्ती निर्माण, सुकुम्वासी व्यवस्थापन, व्यवस्थित बस्ती निर्माणमा नगरबासीहरुको सोचाईमा एकरुपता नहुनु र प्राविधिक तथा दक्ष जनशक्तिको अभाव आवास तथा बस्ती विकासका समस्याहरु हुन्।

### ५.१.३ क्षेत्रगत सोच

"व्यवस्थित आवास, नगरको पहिचान"

### ५.१.४ उद्देश्य

व्यवस्थित तथा सुरक्षित बस्ती तथा आवास निर्माण गर्ने।

### ५.१.५ रणनीति

१. एकीकृत बस्ती विकासको प्रारुप तयार पार्ने।

२. सार्वजनिक जग्गाको उत्पादनशील प्रयोग गर्ने।

३. शहरी क्षेत्रको आवासिय पूर्वाधारलाई व्यवस्थित र वैज्ञानिक वनाउने।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालिन खर्च संरचना योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.१: भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रविधिअनुसार बनेका आवासीय भवन | प्रतिशत | - | - | - | - | - |
| गरिब बस्तीहरू र अवैध जमिनमा बसोबास गर्ने जनसंख्या | संख्या | - | - | - | - | - |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | - | - | - | - | - |
| मापदण्डअनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | - | - | - | - | - |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.२: भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ३८९९२१ | ४६७९० | ३४३१३० | ० | २५७००० | १२४३०१ | ८६२० | ० |
| २०८१/०८२ | ४२८९१३ | ५१४६९ | ३७७४४४ | ० | २८२७०० | १३६७३१ | ९४८२ | ० |
| २०८२/०८३ | ४७१८०४ | ५६६१६ | ४१५१८७ | ० | ३१०९७० | १५०४०४ | १०४३० | ० |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.३ः भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृष्णाचोक देखि सामुदायिक बन कार्यालयसम्म सडक स्तरोउन्नति | भौतिक पूर्वाधारको विकास गर्ने। | २०८०/०८१ देखि २०८१/०८२ | ३०००० | भौतिक पूर्वाधारको विकास गर्ने। |
| २ | भौतिक पूर्वाधारका कार्यक्रम | भौतिक पूर्वाधारको विकास गर्ने। | २०८०/०८१ देखि २०८२/०८३ | २०००० | भौतिक पूर्वाधारको विकास भएको हुनेछ। |
| ३ | भवन निर्माण | सामुदायिक भवन निर्माण गर्ने। | २०८०/०८१ | १५००० | सामुदायिक भवन निर्माण भएको हुनेछ। |
| ४ | अपाङ्गमैत्री भवन निर्माण | अपाङ्गमैत्री भवन निर्माणगरि सेवा प्रदान गर्ने। | २०८०/०८१ | ७५०० | अपाङ्गमैत्री भवन निर्माणगरि सेवा प्रदान भएको हुनेछ। |
| ५ | आयुर्वेदिक औषधालय भवन निर्माण | आयुर्वेदिक चिकित्साको विकास गर्ने। | २०८०/०८१ | ४७६६ | आयुर्वेदिक चिकित्साको भवन निर्माण भएको हुनेछ। |
| ६ | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | आधारभूत स्वास्थ्य सेवाको विकास गर्ने। | २०८०/०८१ | १००० | आधारभूत स्वास्थ्य सेवा भवन निर्माण भइ सेवा प्रवाह भएको हुनेछ। |

### ५.१.९ जोखिम तथा अनुमान

भूउपयोग, आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तयार सहित परिपालनामा अभिवृद्धि हुनेछ। भू-स्वरुपमा परिवर्तन र शहरीकरण साथै दुवै तर्फको सिमानामा नदिकटानको समस्याले गर्दा वस्तीहरु जोखिममा पर्ने समस्या छ। कारण वातावरणीय ह्रासमा वृद्धि भई नगर क्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेको छ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

नगरपालिकाका सबै वडामा पक्की सडकले छोएको छ भने सबै वडाहरूमा सडक सञ्जाल तथा सार्वजनिक यातायातको सेवा उपलब्ध रहेको छ। नगरपालिकामा कालोपत्रे र ग्राभेल सडक निर्माण कार्यलाई प्राथमिकता दिइ कार्य अगाडि बढेको छ। सडक पूर्वाधारलाई विकासको मेरुदण्डको रुपमा विकास गर्ने नीति लिएको छ। उपभोक्ता समिति र ठेक्केदारलाई कामको गुणस्तरताका आधारमा

प्रोत्साहन तथा दण्डित गर्न नीतिगत व्यवस्था गरिएको छ। नगरपालिकाका सबै वडाहरुमा रहेका सडकहरुलाई सन्तुलित रुपमा मर्मत संभार र स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ। संघिय तथा प्रदेश सरकारसँगको सहकार्यमा सडक पूर्वाधार निर्माण गर्ने कार्य अगाडी बढाउन आवश्यक डि.पि.आर. तयार गर्ने कार्य प्राथमिकतामा रहेको छ।

### ५.२.२ समस्या तथा चुनौती

पूर्वाधारको विकास भएपनि नगरपालिकाले समय सापेक्ष रुपमा सुविधायुक्त पुर्वाधार विकासमा ध्यान नपुर्याएको, सडकको चौडाई साँघुरो हुनु, पर्यावरणलाई जोगाउने तर्फ ध्यान नपुग्नु, सडक निर्माणसँगसँगै ढल निर्माण नहुँदा असहज परिस्थिती उत्पन्न हुनु, सडकको गुणस्तरीयतामा कमी हुनु, सडक चिन्हको अभावका कारण दुर्घटनाको वृद्धि हुनु, सकुम्बासीका कारण सडक निर्माणमा असहजता हुनु, सडक तथा यातायातको क्षेत्रमा देखिएको समस्या तथा चुनौती हुन्।

### ५.२.३ क्षेत्रगत सोच

"सुरक्षित, गुणस्तरीय, वातावरणमैत्री र दिगो सडक पूर्वाधार"

### ५.२.४ उद्देश्य

१. सबै क्षेत्रमा भरपर्दो यातायात सेवा विस्तार गर्नु,
२. यातायात व्यवस्थापनलाई प्रभावकारी गराउनु,
३. सबै वडामा सुविधायुक्त सडक पुर्याउनु।

### ५.२.५ रणनीति

१. अन्तर-सरकार साझेदारी र सहकार्यमा सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने।

२. सडक निर्माणलाई गुणस्तरीय, सुविधायुक्त, आकर्षक र वातावरणमैत्री तुल्याउने।

३. यातायात सञ्चालन र व्यवस्थापन प्रणाली सुदृढ वनाउने।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचनाको योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.४: सडक, पुल तथा यातायात उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| पक्कि तथा कालोपत्रे सडक | कि.मि | १७.३ | १७.३ | २० | २५ | ३० |
| ग्राभेल सडक | कि.मि | १४३.२३ | १४३.२३ | १४५ | १५० | १५५ |
| कच्ची सडक | कि.मि | २६६.९१ | २६६.९१ | २७० | २७५ | २८० |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.५: सडक, पुल तथा यातायात उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट श्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | १६१६२७ | १९३९५ | १४२२३१ | ० | २४५०० | १२०१२७ | १७००० | ० |
| २०८१/०८२ | १७७७८९ | १७७७८ | १६००१० | ० | २६९५० | १३२१३९ | १७१७० | ० |
| २०८२/०८३ | १९५५६७ | २३४६८ | १७२०९८ | ० | २९६४५ | १४५३५२ | १८८८७ | ० |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

## तालिका नं. ५.६: सडक, पुल तथा यातायात उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जोरबाटो रानाटोल कालोपत्रे (क्रमागत) | जोरबाटो रानाटोल कालोपत्रे गर्ने। | सालवसाली | २००० | जोरबाटो रानाटोल कालोपत्रे गर्ने। |
| २ | नगर प्रमुख कृषि करिडोर मार्ग | नगर प्रमुख कृषि करिडोर मार्ग निर्माण गर्ने। | २०८०/०८१ | ४५०० | नगर प्रमुख कृषि करिडोर मार्ग निर्माण भएको हुनेछ। |
| ३ | भानुमार्ग(उर्लावारी ४ मलामी चाैतारीबाट वडा नं. ८ जाेड्ने सडक) कालाेपत्रे गर्ने कार्य (निरन्तरता) | भानुमार्ग कालोपत्रे गर्ने। | सालवसाली | १३००० | भानुमार्ग कालोपत्रे निर्माण सुरुवात हुनेछ। |
| ४ | सडक बोर्डबाट संचालन हुने योजनाहरु | सडकको विकास गर्ने। | सालवसाली | ५८०० | सडकको विकासका लागि २० कि. मि. सडक निर्माण भएको हुनेछ। |
| ५ | आदर्श चौकबाट वडा कार्यालय जाने बाटो कालोपत्रे | आदर्श चौकबाट वडा कार्यालय जाने बाटो कालोपत्रे गर्ने। | | २००० | आदर्श चौकबाट वडा कार्यालय जाने बाटो कालोपत्रे भएको हुनेछ। |
| ६ | सुनाखरी हुदै लखनमार्ग जोड्ने बाटोमा पेभिङ्ग ब्लक निर्माण | सुनाखरी हुदै लखनमार्ग जोड्ने बाटोमा पेभिङ्ग ब्लक निर्माण गर्ने। | २०८०/०८१ | २३०० | सुनाखरी हुदै लखनमार्ग जोड्ने बाटोमा पेभिङ्ग ब्लक निर्माण भएको हुनेछ। |

### ५.२.९ जोखिम तथा अनुमान

सडक निर्माण तथा स्तरोन्नतीमा अन्तर सरकार सहकार्यमा वृद्धि भएको हुनेछ। उपभोक्ता समिती तथा सबन्धित सरोकारवालाको सक्रिय सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्छ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१ पृष्ठभूमि

उर्लाबारी नगरपालिकामा भूमिगत जलश्रोतको सहज उपलब्धता रहेको छ। कुल क्षेत्रफलको ७.७३ जलस्रोतले ओगटेको छ। नगरपालिका आसपासमा रहेका प्रमुख नदीहरुमा बक्राहा खोला, भालु खोला, देविझोडा, मावा, मिक्लुक, नुनसरी, रतुवा, सफेवा, सोल्टी, सुन्झोडा र तेलि रहेका छन्। नगरपालिकामा करीव ९९ प्रतिशत घरधुरीले बत्ती बाल्ने प्रयोजनका लागि विद्युतीय उर्जाको उपयोगको अभ्यास रहेका, पछिल्ला दिनमा खाना पकाउने उर्जाको श्रोतका रुपमा दाउराको उपयोगमा कमी आएको छ भने आयातित उर्जामा निर्भरता बढेको र खाना पकाउने उर्जाको प्रमुख श्रोतमा एलपी ग्यास, दाउरा तथा वायो ग्यास रहेको छ। नगरपालिकाले परम्परागत उर्जामा निर्भर परिवारलाई अनुदान सहितको बैकल्पिक उर्जाको प्रयोगमा प्रोत्साहन गरिरहेको छ।

### ५.३.२ समस्या तथा चुनौती

नदी प्रदुषण र जलाधार क्षेत्रको विनास र भूमिगत जलको अधिक उपयोगका कारण सतह घटदै जानु, एलपी ग्यासमा बढ्दो निर्भरता तथा विद्युत्को नियमित आपूर्तिमा कमी, ऊर्जाको उपयोग प्रवद्र्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक उर्जाको विस्तार गर्न नसक्नु चुनौतिका रुपमा रहेको छ।

५.३.३ सोच

"दिगो, सहज, सुलभ उर्जाको उपलब्धता"

### ५.३.४. उद्देश्य

१. जलाधार क्षेत्रको संरक्षणलाई प्रभावकारी गराउनु,
२. सबै घरधुरीमा स्वच्छ उर्जाको उपयोग सुनिश्चित गर्नु।

### ५.३.५. रणनीति

१. सिमसार क्षेत्र, जलस्रोतका मुहान, कुवा र परम्परागत धाराको संरक्षण र संवर्द्धनमा सरकारी तथा समुदायको सहभागिता बढाउने।

२. स्वच्छ उर्जाको उत्पादन तथा उपयोगलाई वृद्धि गर्न संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने।

३. वैकल्पिक उर्जाको उपयोग विस्तार गर्दै आयातित इन्धनमाथिको निर्भरता कम गर्ने।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचनाको कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.७ः जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| खाना पकाउन प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ३०.९४ | ३०.९४ | २८ | २७ | २६ |
| विद्युत्बाट खाना बनाउने परिवार | प्रतिशत | ०.०९ | ०.०९ | १ | १.५ | २ |
| गोबर/ बायो ग्यास | प्रतिशत | १.९६ | १.९६ | २ | २.५ | ३ |
| सोलार तापीय प्रनालिवाट खाना बनाउने परिवार | प्रतिशत | ०.०३ | ०.०३ | ०.०४ | ०.०५ | ०.०६ |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.८ः जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ५५०० | ६६० | ४८४० | ० | ० | ० | ५५०० | ० |
| २०८१/०८२ | ६०५० | ७२६ | ५३२४ | ० | ० | ० | ६०५० | ० |
| २०८२/०८३ | ६६५५ | ७९८ | ५८५६ | ० | ० | ० | ६६५५ | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.९: जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खयरभट्टी पैनी व्यवस्थापन | सिंचाई व्यवस्थापन गर्ने। | सालवसाली | १०० | सिंचाईका पैनीवाट पानि सञ्चालन भएको हुनेछ। |
| २ | चिसापानी ग पैनी मुहान संरक्षण | पानीको मुहान व्यवस्थापन गर्ने। | सालवसाली | १५० | पानीको मुहान व्यवस्थापन भएको हुनेछ। |
| ३ | झारसाँदी पैनी व्यवस्थापन | पैनी मुहान संरक्षण गर्ने। | सालवसाली | २०० | पैनी मुहान संरक्षण भएको हुनेछ। |
| ४ | डुम्रे पैनी बाढीले क्षती ग्रस्त गरेकाले पैनी तटवन्धन | पैनी व्यवस्थापन गर्ने। | २०८०/०८१ | १०० | पैनी व्यवस्थापनका लागि तटबन्धन निर्माण भएको हुनेछ। |

### ५.३.९ जोखिम तथा अनुमान

हाल भएको प्रविधि प्रवर्द्धन सहितको उपयोग, बजेटको सुनिश्चिता, मानव संशाधन उपलब्ध भएमा उल्लिखित उपलब्धिहरु हासिल हुनेछ। सो हुन नसकेमा योजना प्राप्त नहुने जोखिम रहन सक्छ।

## ५.४ सूचना, सञ्चार तथा प्रविधि

### ५.४.१ पृष्ठभूमि

सञ्चारका साधनहरुमा मोवाइल फोन, टेलिफोन, इन्टरनेट, रेडियो, टिभि, पत्रपत्रिका तथा हुलाक रहेका छन्। आधुनिक प्रविधि विकासको महत्वलाई आत्मसात गरेको छ। नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सेवाको सहज पहुँच रहेको छ। नगरपालिकाबासीहरुमा इन्टरनेटको उपयोग विस्तार क्रमशः भइ सकेको छ। नगरपालिकामा एउटा व्यावसायिक एफएम रेडियो स्टेशन सञ्चालनमा रहेको छ। नगरपालिकाले सूचना प्रविधि प्रवर्द्धन तथा विस्तार गरी सेवा प्रवाहलाई विद्यूतीय प्रणालीमा आधारित बनाउने र नगरपालिकामा पेपरलेस कारोबारलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ।

### ५.४.२ समस्या तथा चुनौती

इन्टरनेट तथा मोवाइल फोनको गुणस्तरमा कमी, साइवर अपराध सम्बन्धी जनचेतनामा कमी, सञ्चारका

साधनको उपयोगमा अस्वस्थ प्रतिस्पर्धा, पोल पोलमा झुन्डिने तारले पर्यटकिय शहरी सौन्दर्यलाई कुरुप बनाएको छ। ताररहित प्रविधिलाई बढावा दिनु र गुणस्तरीय सञ्चार सेवा प्रवाह गर्नु चुनौतिका रुपमा रहेका छन्।

### ५.४.३. क्षेत्रगत सोच

“सहज, नियमित र दिगो सूचना सञ्चार प्रविधिको विकास”

### ५.४.४. उद्देश्य

भरपर्दो, विश्वसनीय एवम् गुणस्तरीय सूचना तथा सञ्चार सेवाको विकास र विस्तार गर्नु।

### ५.४.५. रणनीति

१. सेवा प्रवाह र दैनिक जीवनमा विद्युतीय सूचना प्रविधिको उपयोग गरी थप सहज र प्रभावकारी गराउने।

२. नगर कार्यपालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रवाह तथा कार्यसम्पादनलाई पेपरलेस बनाउदै लैजाने।

३. नगरवासीको सूचना प्रविधिमा पहुँच र उपयोग सुनिश्चित गर्ने सेवा प्रदायक संस्थालाई प्रोत्साहित गर्ने।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.१०: सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | ६० | ६० | ७० | ८० | ९० |
| नगर कार्यपालिका कार्यालयमा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | संख्या | ७ | ७ | ८ | ९ | १० |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

### तालिका नं. ५.११: सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ३४०० | ६८० | २७२० | ० | २७०० | ७०० | ० | ० |
| २०८१/०८२ | ३७४० | ७४८ | २९९२ | ० | २९७० | ७७० | ० | ० |
| २०८२/०८३ | ४११४ | ८२२ | ३२९२ | ० | ३२६७ | ८४७ | ० | ० |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

### तालिका नं. ५.१२: सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पुस्तक प्रकाशन तथा छपाई | सुचनाको पहुच बढाउने। | २०८०/८१ | २६०० | सुचनाको पहुच भएको हुनेछ। |
| २ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | सुचना प्रणालीको विकास गर्ने। | २०८०/८१ | ८०० | सुचना प्रणालीको विकास भइ पालिकाको काम सुलभ भएको हुनेछ। |

### ५.४.९ जोखिम तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

# परिच्छेद ६
# वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

## ६.१. वन, हरियाली, भूसंरक्षण र जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

नगरपालिकमा संरक्षित पानी पोखरी, नदी नियन्त्रण, भू-क्षय र बाढी संवेदनशील क्षेत्र उकासबाट संरक्षित जमीनको पहिचान भएको छ। वन, जैविक विविधता, भूसंरक्षण एवम् प्रवर्द्धन गर्दै त्यसको दिगो उपयोग र जलवायु परिवर्तनका असर न्यूनीकरणका उपायहरु अवलम्बन गरी जीविकोपार्जनका अवसरहरु वृद्धिका अभ्यासहरु भएका छन्। ग्रामिण अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुयाउने कृषि देखि लिएर जलश्रोत, पर्यटन आदिको विकासमा वन क्षेत्रले महत्वपूर्ण अवसरहरुको सृजना गरेको हुन्छ तर बढ्दो जनसंख्या र अरु बैकल्पिक व्यवस्थाहरुको अभावमा वन क्षेत्रमा चाप बढी रहेको छ। जसले गर्दा वन जंगलको विनास, भू-क्षय, जैविक विविधतामा ह्रास जस्ता पर्यावरणीय प्रतिकूलताहरु बढ्दै गएको छ। उर्लाबारी नगरपालिका रहेको वनहरुको संरक्षण तथा उचित उपयोग सहभागिता मूलक सामुदायिक वन व्यवस्थापन प्रणाली लागु गरेको देखिन्छ। यस नगरपालिकामा बेलाबेलामा आईपर्ने प्राकृतिक प्रकोपमा मुख्य रुपमा बाढी पर्छन्।

यस नगरपालिकामा करिब २ प्रतिशत जमिन वन क्षेत्र रुपमा रहेको छ। वन क्षेत्र वडा नं. १ र २ मा मात्रै रहेको छ। वन क्षेत्रको संरक्षण सामुदायिक वन व्यवस्थापन प्रणलीमा आधारित रहेको देखिन्छ। यस नगरपालिकामा जम्मा ९ वटा सामुदायिक वन रहेको छन्।

### ६.१.२ समस्या तथा चुनौती

नगरपालिकाको बृहत्तर भू-उपयोग योजना तर्जुमा गरी भूमि व्यवस्थापन कार्य कार्यान्वयन हुन नसक्दा भू-संरक्षण, भूमि व्यवस्थापन, सार्वजनिक जग्गा वृक्षारोपणमा कमी, ताल तलैया सिमसार क्षेत्रको पहिचान र नक्शांकन गर्न नसक्नु, नदी किनार तटवन्धन हुन नसक्नु, लौरिघोल लगायतका सिमसार क्षेत्रको संरक्षणमा कमी, पानी मुहान संरक्षणमा कमी, पर्यटकीय गतिबिधिका कारण जैविक विविधताको संरक्षणमा कठिनाई मुख्य समस्याहरु हुन्।

### ६.१.३ क्षेत्रगत सोच

"संरक्षित जैविक विविधतामा आधारित सुरक्षित नगर"

### ६.१.४ उद्देश्य

१. वन, वातावरण तथा जैविक विविधताको संरक्षण गर्नु,

२. भूक्षय न्यूनीकरण गर्दै प्राकृतिक प्रकोप नियन्त्रण गर्नु।

### ६.१.५ रणनीति

१. जलाधार व्यवस्थापन योजना निर्माण गरी भू-क्षमता वर्गीकरण अनुसार भू-उपयोग गर्ने।

२. जैविक विविधता संरक्षण, वन व्यवस्थापन, नदी उकासमा समूह गठन गरी परिचालन गर्ने।

३. दुर्लभ वन्यजन्तु तथा वनस्पतिको पहिचान र संरक्षणमा अन्तर सरकार सहकार्य अभिवृद्धि गर्ने।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.१ः वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| चक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| सामुदायिक वन | संख्या | ९ | ९ | ९ | ९ | ९ |
| बन तथा हरियाली क्षेत्र | प्रतिशत | २ | २ | २.१ | २.२ | २.३ |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ६.१.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन, हरियाली, भूसंरक्षण र जैविक विविधता उप–क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.२ः वन, हरियाली, भूसंरक्षण र जैविक विविधता उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | १३५० | २७० | १०८० | ० | ५५० | ८०० | ० | ० |
| २०८१/०८२ | १४८५ | २९७ | ११८० | ० | ६०५ | ८८० | ० | ० |
| २०८२/०८३ | १६३३ | ३२६ | १३०६ | ० | ६६५ | ९६८ | ० | ० |

### ६.१.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.३ः वन, हरियाली, भूसंरक्षण र जैविक विविधता उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बक्रा नदि तथा अन्य स्थानमा बृक्ष रोपन कार्यक्रम | वातावरण तथा हरियाली बनाउने। | २०८०/०८१ | २५० | बक्रा नदि तथा अन्य स्थानमा हरियाली भएको हुनेछ। |
| २ | फुल खेति कार्यक्रम | सौन्दर्यता बढाउने। | २०८०/०८१ | ३०० | सौन्दर्यता भएको हुनेछ। |
| ३ | रबर खेति कार्यक्रम | हरियाली क्षेत्र बढाउने। | २०८०/०८१ | ८०० | १० प्रतिशतले हरियाली क्षेत्र बढेको हुनेछ। |

### ६.१.९ जोखिम तथा अनुमान

वन, भूसंरक्षण तथा जैविक विविधता संरक्षणमा अन्तरसरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ। जलवायु परिवर्तनको असर, विभिन्न प्रकारका प्रकोप र अन्य विपद्जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन्।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

नगर क्षेत्रभित्र पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखी वातावरणमैत्री कार्यक्रमलाई प्राथममिकताका साथ अगाडी बढाउने नीति लिएको छ। त्यस्तै अस्पतालजन्य फोहोरमैलालाई बेग्लै संकलन गरी प्रशोधन गरेर मात्र ल्यान्डफिल्ड साइटमा व्यवस्थापनको अभ्यास रहेको छ। नगरपालिका भित्र पुराना गाडीहरु सञ्चालनलाई निरुत्साहित गर्ने नीति लिइनेछ भने विद्युतिय गाडी सञ्चालनमा प्राथमिकता दिईएको छ। गैसस र समुदायसँग समन्वय गरी पूर्ण सरसफाई अभियान सञ्चालन गरिएको छ। प्लाष्टिकजन्य सामग्री लगायत वातावरण प्रदुषित गर्ने दैनिक प्रयोगका सामग्रीको प्रयोगलाई निरुत्साहित गर्न पहल गरिएकोछ। गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो

जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्रविधिको प्रयोगमा जोड दिनेकार्यक्रमहरु कार्यान्वयनमा रहेका छन्।

## ६.२.२. समस्या तथा चुनौती

फोहर मैला विर्सजन गर्न व्यवस्थित स्थलको अभाव र फोहोरको वर्गीकरण गरी व्यवस्थापनको अभ्यास नहुन यस क्षेत्रका मुख्य समस्याहरु हुन। स्रोतमै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिने कार्य व्यावहारिक रुपमा कार्यान्वयन हुन सकेका छैनन्। फोहोरबाट मोहोर, फोहोरबाट उर्जाको अवधारण कार्यान्वयन हुन सकेको छैन।

## ६.२.३. क्षेत्रगत सोच

"स्वच्छ वातावरणका लागि फोहोर व्यवस्थापन"

## ६.२.४. उद्देश्य

१. वातावरणीय स्वच्छता कायम गर्नु,

२. फोहोरमैलाको दिगो व्यवस्थापन गर्नु।

## ६.३.५ रणनीति

१. फोहोरमैलाको उचित व्यवस्थापन गर्ने।

२. एक घर एक बिरुवाको अभियान सञ्चालन गर्ने।

**३. फोहोरमैलाको दिगो व्यवस्थापनमा अन्तर सरकार एवम् समुदायको सहकार्य वृद्धि गर्ने।**

## ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.४: वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| व्यवस्थित ल्यान्डफिल्ड साइट | संख्या | - | - | १ | - | - |
| फोहोर संकलन सवारी साधन | संख्या | २ | २ | ३ | ३ | ३ |
| स्रोतमा नै फोहर वर्गिकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | १० | १५ | २५ | ५० | ७५ |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ६.२.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.५: वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ८७१६ | १०४५ | ७६७१ | ० | ५१९६ | २६७० | ८५० | ० |
| २०८१/०८२ | ९५८७ | ११५० | ८४३७ | ० | ५७१५ | २९३७ | ९३५ | ० |
| २०८२/०८३ | १०५४५ | १२६६ | ९२७९ | ० | ६२८६ | ३२३० | १०२८ | ० |

### ६.२.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.६: वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | फोहोरमैला प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन | फोहोरमैला प्रशोधन केन्द्र निर्माण गर्ने। | सालवसाली | १५०० | फोहोरमैला प्रशोधन केन्द्र निर्माण भएको हुनेछ। |
| २ | फोहोरमैला व्यवस्थापन | फोहोरमैला व्यवस्थापन गर्ने। | २०८०/०८१ | ५००० | फोहोरमैला व्यवस्थापन भएको हुनेछ। |
| ३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि सचेतना कार्यक्रम तथा अवलोकन भ्रमण | वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन गर्ने। | २०८०/०८१ | ५०० | वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि सचेतना कार्यक्रम सञ्चालनभइ फोहोरमैला व्यवस्थित भएको हुनेछ। |

### ६.२.९ जोखिम तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य विपद्को अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य प्राप्त नहुने जोखिम रहन सक्छ।

## ६.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता

### ६.३.१. पृष्ठभूमि

स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना र स्थानीय विपद्पूर्वतयारी तथा प्रतिकार्यका कामहरु कार्यान्वयनमा रहेका छन्। वडा स्तर विपद्व्यवस्थापन समितिहरुले विपद् व्यवस्थापनका कामहरु गरीरहेका छन्। विपद्व्यवस्थापन र जोखिम न्यूनिकरण कोष खडा गर्ने, जोखिमपूर्ण क्षेत्रहरु पहिचान गर्ने, विपद्पूर्व तयारी, विपद्व्यवस्थापन सम्बन्धि तालिम, तथा आपतकालीन सामग्रीहरुको भण्डारणको व्यवस्था मिलाइएको छ। जलवायु परिवर्तनको असर न्यूनीकरणमा अन्तर सरकार साझेदारीमा कार्यक्रम सञ्चालनमा रहेको छ। बक्रा र मावा नदीको कटान तथा विभिन्न ठाउका होचा वस्तीहरु डुबानमा पर्ने जोखिम रहेको छ।

### ६.३.२ समस्या तथा चूनौति

विपद्जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउने सकिएको छैन। नगरपालिका, वडा कार्यालय र स्थानीय टोल विकास संस्थाहरूको विपद् व्यवस्थापमा क्षमताको कमी रहेको, आकस्मिक तयारी योजना तथा प्रतिकार्य योजनाहरू तर्जुमा गर्नु जरुरी रहेको, डोजरको जथाभावी प्रयोगले भूक्षय भई तालतलैया, खेतीवारी, जलविद्युतका बाँध पुरिने तथा भौतिक पूर्वाधारमा समेत क्षति पुग्ने समस्या बढ्दै गएको छ। बक्रा, मावा लगायतका नदीहरुको कटान तथा विभिन्न ठाउका होचा वस्तीहरु डुबानमा पर्ने जोखिम रहेको छ।

### ६.३.३. क्षेत्रगत सोच

“विपद जोखिमबाट सुरक्षा नगरपालिकाको अपेक्षा”

### ६.३.४ उद्देश्य

१. विपद्व्यवस्थापन क्षमतालाई सुदृढ गराउनु,

२. विपद्उत्थानशीलताको विकास गर्नु।

### ६.३.५ रणनीति

१. विपद्व्यवस्थापनको योजना बनाई कार्यान्वयन गर्ने।

२. विपद् रोकथाम, पूर्वतयारी र द्रूत प्रतिकार्यमार्फत क्षतिन्यूनीकरण गर्ने।

३. विपद् तथा जलवायु परिवर्तनबाट हुने असरको सम्बन्धमा समुदायलाई सचेत गराई जलवायु परिवर्तन अनुकूलन र विपद्व्यवस्थापन योजना निर्माण गरी समुदाय स्तरमा कार्यान्वयन गर्ने।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.७: विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | ० | ० | ० | ० | ० |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | २४ | ३८ | ६८ | ९८ | १२० |
| विपद्वाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रू. हजार | २०००० | १५००० | - | - | - |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | २० | २४ | ३० | - | - |
| विपद्व्यवस्थापन कोष रकम | रू हजार | १०००० | १०००० | १२५०० | - | - |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ६.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.८: विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ३१०४३ | ३७२५ | २७३१८ | ० | १२४४३ | १६४०० | २२०० | ० |
| २०८१/०८२ | ३४१४७ | ४०९७ | ३००५० | ० | १३६८७ | १८०४० | २४२० | ० |
| २०८२/०८३ | ३७५६१ | ४५०७ | ३३०५३ | ० | १५०५५ | १९८४४ | २६६२ | ० |

### ६.३.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.९: विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एम्बुलेन्स र सवबाहन व्यवस्थापन तथा सञ्चालन | एम्बुलेन्स र सवबाहन सञ्चालन गर्ने। | २०८०/०८१ | २००० | एम्बुलेन्स र सवबाहन खरिद गरी सञ्चालन भएको हुनेछ। |
| २ | बारुणयन्त्र दमकल व्यबस्थापन | बारुणयन्त्र दमकल सञ्चालन गर्ने। | २०८०/०८१ | ४००० | बारुणयन्त्र दमकल सञ्चालन भएको हुनेछ। |
| ३ | विपद् पूर्व सूचना प्रणाली स्थापना | विपद् पूर्व सूचना प्रणाली स्थापना गर्ने। | २०८०/०८१ | १००० | विपद् पूर्व सूचना प्रणाली स्थापना भएको हुनेछ। |
| ४ | नदी नियन्त्रण तथा तटबन्धन | नदी नियन्त्रण गर्न तटबन्धन निर्माण गर्ने। | सालवसाली | ३३०० | नदी नियन्त्रण गर्न तटबन्धन निर्माण भइ नदि कटान नियन्त्रण भएको हुनेछ। |
| ५ | नदी नियन्त्रण तथा रोकथाम कार्यक्रम (बक्राहा खोला) | नदी नियन्त्रण तथा रोकथाम गर्ने। | सालवसाली | १५०० | नदी नियन्त्रण तथा रोकथाम गर्ने। |

## ६.३.९ जोखिम तथा अनुमान

वन, वातावरण तथा विपद्व्यवस्थापन सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनेछ। संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि भएको हुनेछ। स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। सो हुन नसके लक्ष्य हासिल गर्न कठिनाइ हुन सक्नेछ।

# परिच्छेद ७
# संस्थागत तथा सुशासन

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१. पृष्ठभूमि

यस नगरपालिकाले प्रशासकीय कार्यविधि ऐन २०७४, लगायत धेरै ऐन, नियमावली, निर्देशिका, कार्यविधी, र मापदण्डहरु प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन्। सङ्घीय संरचना अनुसार गठित स्थानीय सरकार आफै संवैधानिक रुपमा अधिकार प्राप्त सार्वभौम सरकार भएकाले नगरपालिकाले पनि आफ्नो परिस्थिती अनुसारको संस्थागत संरचनाको निर्माण गरी शासकीय अवस्थालाई चुस्त बनाउन सक्ने देखिन्छ। नगरपालिकाको निर्णय प्रकृयामा स्थानीयको सहभागितालाई सुनिश्चित गर्न सूचना प्रणाली तथा सामाजिक सञ्जालको प्रयोगलाई बढवा दिन थालिएको छ।

### ७.१.२. समस्या तथा चुनौती

सम्पादित काम कारवाहीको पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई तथा परीक्षण हुने गरेको भएपनि सेवा प्रवाहमा त्यसको प्रभाव कम देखिनु, व्यवस्थित र प्रभावकारी सूचना प्रणाली नहुनु, जवाफदेहिता तथा पारदर्शितासँग जोडिएका समस्याहरु हुन्। आफ्नै कार्यालय नभएका वडाहरुको भौतिक संरचनाको अवस्था पनि सेवा प्रवाहका दृष्टिले जनमैत्री हुन नसक्नु, तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिकलाई सूसूचीत गराउन र त्यसको परिपालना हुन सकिरहेको छैन।

### ७.१.३ क्षेत्रगत सोच

“पारदर्शी, जिम्मेवार र जवाफदेही नगरपालिका”

### ७.१.४ उद्देश्य

१. सेवा प्रवाहलाई जनमूखी, उत्तरदायी र नतिजामूखी बनाउने।

### ७.१.५ रणनीति

१. प्रशासनिक संयन्त्रको मनोवल उच्च राख्न आवश्यक नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन तथा अनुगमन गर्ने,

२. संघिय, प्रादेशिक र स्थानीय ऐन कानूनको परिपालनाबाट सेवाप्रवाहमा प्रभावकारीता एवम् सुशासन अभिवृद्धि गर्ने,

३. जनअपेक्षा तथा सेवा प्रवाहमा सहजताका लागि कानून निर्माण तथा कार्यान्वयनलाई पूणर्ता दिने।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ:

**तालिका नं. ७.१: नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| **स्वीकृत नीति, कानून र कार्यविधि** | | | | | | |
| १. नीति | संख्या | ० | १ | १ | १ | १ |
| २. ऐन | संख्या | २१ | ३० | २ | ३ | २ |
| ३. नियम तथा विनियम | संख्या | ६ | ९ | २ | - | - |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ३१ | ५५ | १० | ५ | ४ |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ७.२: नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ४२६१ | १२७८ | २९८३ | ० | ३९२५ | ३३६ | ० | ० |
| २०८१/०८२ | ४६८७ | १४०६ | ३२८१ | ० | ४३१८ | ३६९ | ० | ० |
| २०८२/०८३ | ५१५५ | १५४६ | ३६०८ | ० | ४७४९ | ४०६ | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ७.३ः नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भूमिहीन अव्यवस्थित बसोबासीको लगत संकलन तथा व्यवस्थापन | भूमिहीन अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने। | २०८०/०८१ | २५०० | भूमिहीन अव्यवस्थित बसोबासीलाइ व्यवस्थापन गरेको हुनेछ। |
| २ | सामाजिक परीक्षण | सुशासन कायम गर्ने। | २०८०/०८१ | ५०० | सुशासन कायम भएको हुनेछ। |
| ३ | सार्वजनिक सुनुवाइ | सुशासन कायम गर्ने। | २०८०/०८१ | ३०० | सार्वजनिक सुनुवाइ भएको हुनेछ। |

### ७.१.९ जोखिम तथा अनुमान

सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हासिल हुनेछ। उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ।

## ७.२ संगठन, मानव संशाधन र क्षमता विकास

### ७.२.१ पृष्ठभूमि

नगरपालिकामा हाल रहेका प्रशासन, योजना, जिन्सी, लेखा, राजस्व, पूर्वाधार, नक्शा, शिक्षा, स्वास्थ्य, महिला बालबालिका तथा जेष्ठ नागरिक, पञ्जीकरण, गैसस, कृषि, पशुपंछी, सहकारी, आन्तरिक लेखा परीक्षण, वन वातावरण तथा विपद्व्यवस्थापन, कानून र सूचना तथा प्रविधि शाखामा कुल १२५ कर्मचारी कार्यरत रहेका छन्। नगरपालिकाको जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वे गरी संस्थागत संरचना निर्माण गर्ने कार्य भएको छ। नगरपालिकाका सबै वडा कार्यालयलाई भौतिक सुविधा सम्पन्न बन्दै गएकोछ।

### ७.२.२ समस्या तथा चुनौती

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ। शाखाहरु बीचको समन्वयको कमी, जनशक्तिको परिचालन एवम् सेवा सुविधा गुणस्तरीय र कार्य सम्पादन लक्ष्य अनुरुप नतिजामूखी हुन सकेको छैन।

### ७.२.३ क्षेत्रगत सोच

"क्षमतावान जनशक्ति तथा जनमुखी सेवा प्रवाह"

### ७.२.४ उद्देश्य

छरितो संगठन संरचना, क्षमतावान जनशक्ति र गुणस्तरीय सेवा प्रवाहको सुनिश्चित गर्नु।

### ७.२.५ रणनीति

१. संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी चुस्त संगठन संरचना तयार गर्ने।

२. जनशक्तिको क्षमता विकास गरी दक्ष कर्मचारीको विकास गर्ने।

३. सेवा प्रवाह र विकास प्रकृयालाई सहज तुल्याउने।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ७.४: संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| नगर पालिकामा कार्यरत मानव श्रमसाधन | संख्या | १३० | १३५ | १८३ | १८३ | १८३ |
| कार्यरत प्राविधिक जनशक्ति | संख्या | २५ | २८ | ४६ | ४६ | ४६ |
| क्षमतामूलक तालिम हासिल गरेको जनशक्ति | संख्या | ७० | १०० | १४० | १८३ | १८३ |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ७.५: संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान (रु. हजारमा)**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ८३०० | १६६० | ६६४० | ० | ८३०० | ० | ० | ० |
| २०८१/०८२ | ९१३० | १८२६ | ७३०४ | ० | ८३०० | ० | ० | ० |
| २०८२/०८३ | १००४३ | २००८ | ८०३५ | ० | ८३०० | ० | ० | ० |

## ७.२.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ७.६: संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी तालिम तथा व्यवस्थापन | पारदर्शिता कायम गर्ने। | २०८०/०८१ | ६०० | पारदर्शिता कायम भएको हुनेछ। |
| २ | पदाधिकारी र कर्मचारीहरुलाई LISA र FRA सम्बन्धी तालिम तथा व्यवस्थापन | पदाधिकारी र कर्मचारीहरुको क्षमता विकास गर्ने। | २०८०/०८१ | ४०० | पदाधिकारी र कर्मचारीहरुको क्षमता विकास भएको हुनेछ। |
| ३ | वैदेशिक रोजगारबाट फर्केकाहरुलाई मागका आधारमा सिपमूलक तालिम र व्यवसाय प्रबर्द्धन सहयोग कार्यक्रम | दक्ष् कामदार विदेशिनवाट रोक्न। | २०८०/०८१ | १००० | दक्ष् कामदार विदेशिनवाट रोकिएको हुनेछ। |

## ७.२.९ जोखिम तथा अनुमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, ज्ञान, सीप र दक्षतामा अभिवृद्धि भएमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.३ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

नगरपालिकाको विकासलाई दिगो, समावेशी बनाउने मुख्य ध्येयले आवधिक नगर विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा प्रभावकारी योजना तर्जुमा र कार्यान्वयन हुने गरेको छ। सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको अर्थपूर्ण सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगरसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ। नगरस्तरीय योजना वैंक निर्माणका लागि अग्रसरता लिइएको छ। लाभलागत विश्लेषणका आधारमा योजनाको छनौट तथा कार्यान्वयन हुने गरेको छ। सङ्घीय ऐन तथा स्थानीय कार्यविधिअनुसार वार्षिक योजना तथा बजेट तर्जुमाको प्रकृया अवलम्बन गरी स्थानीय वस्तुगत विवरण, तथ्यांक र आवश्यकताको आधारमा योजना तर्जुमाको अभ्यास रहेको छ। आगामी आ.व. २०८०/०८१ देखि मध्यमकालीन खर्च संरचना सहितको त्रिवर्षीय बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्ने अभ्यास सुरु हुन गैरहेको छ।

### ७.३.२ समस्या तथा चुनौती

नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति बमोजिम योजना छनौट तथा कार्यान्वयन नहुनु, नियमित अवलोकन, निरीक्षण तथा अनुगमन प्रभावकारी हुन नसकेको, योजना तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निणर्य प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार हुन नसकेको, सेवा प्रवाह र कार्यसम्पादनमा अन्तरसरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन। लक्ष्य, उद्देश्य र नतिजालाई मापन गर्ने सूचक र तथ्यांकको अभाव र कार्यक्रमगत बजेट निर्माण नहुनु मुख्य चुनौतिको रुपमा रहेको छ।

### ७.३.३ क्षेत्रगत सोच

"नतिजामूखी योजना प्रणाली र मापनयोग्य तथा उत्तरदायी विकास"

### ७.३.४ उद्देश्य

योजना तर्जुमालाई तथ्यपरक, सहभागितामूलक र नतिजामूलक तुल्याउने।

### ७.३.५ रणनीति

१. सहभागीतामुलक योजना तर्जुमा प्रक्रिया र छरितो तथा नतिजामुखी कार्यान्वयनलाई संस्थागत गर्ने।

२. स्थानीय योजना तर्जुमा एवम् कार्यान्वयनमा व्यापक जनसहभागितामार्फत स्थानीय आवश्यकताको दिगो

समाधान गर्ने।

३. स्थानीय तथ्याङ्क व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउन डिजिटल प्रोफाइल तयारी तथा नियमित

अद्यावधीकरण गर्ने।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ७.७: तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| नगरमा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | १ | १ | ३ | - | - |
| समयमा सम्पन्न आयोजना र कार्यक्रम | प्रतिसत | ८० | ८० | ९० | ९५ | १०० |

*स्रोतः आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ७.३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ७.८: तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | ११०७५ | १३२९ | ९७४६ | ० | ५३७५ | ५७०० | ० | ० |
| २०८१/०८२ | १२१८२ | १४६१ | १०७२० | ० | ५९१२ | ६२७० | ० | ० |
| २०८२/०८३ | १३४०० | १६०८ | ११७९२ | ० | ६५०३ | ६८९७ | ० | ० |

### ७.३.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ७.९: तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भवन तथा भूउपयोगका कार्यक्रम पुन नापी समेत | भवन तथा भूउपयोगको व्यवस्थापन गर्ने। | २०८०/०८१ | २५०० | भवन तथा भूउपयोगको व्यवस्थापन भएको हुनेछ। |
| २ | ईन्टरनेट जडान तथा क्षमता अभिबृद्धि तथा म्यानेजेवल स्विच खरिद तथा मर्मत (इन्टरनेट/इन्ट्रानेट व्यवस्थापन र सम्बन्धित सामान खरिद) | पालिकाको कार्यक्षमता अभिबृद्धि गर्ने। | ०८०/०८१ | १००० | पालिकाको कार्यक्षमता अभिबृद्धि भएको हुनेछ। |
| ३ | सिसिटिभि क्यामेरा जडान तथा मर्मत | सुशासन कायम गर्ने। | २०८०/०८१ | १५०० | सुशासन कायम भएको हुनेछ। |

### ७.३.९ जोखिम तथा अनुमान

तोकिएको कार्यनीति कार्यान्वयन गर्न नगरपालिकाले संस्थागत विकास तथा सुशासन सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरीसकेको हुनु पर्नेछ। संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि भएको हुनेछ। स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवम् साझेदारीमा वृद्धि हुनेछ। उपरोक्त परिस्थिति तयार हुन नसकेका लक्ष्य हासिल गर्न कठिन हुन सक्नेछ।

## ७.४ राजस्व तथा श्रोत परिचालन

### ७.४.१. पृष्ठभूमि

राजस्व तथा श्रोत परिचालनको लागि विद्यमान कर, सेवा शुल्क तथा दस्तुरको दर परिमार्जन गर्ने तथा दायरा बढाउने रणनीति लिएको भएता पनि कार्यान्वयन प्रभावकारी हुन सकेको छैन। नगरपालिकाद्वारा तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका श्रोत परिचालनको अभ्यास रहेको छ। वेरुजु न्यूनीकरणका लागि नीति तथा कार्यक्रम निर्माण एवम् लगानीमैत्री वातावरण बनाउन आवश्यक नीतिगत व्यवस्था गरिएको भएता पनि अपेक्षा अनुसार प्रतिफल प्राप्त हुन सकेको छैन। राजस्व सुधार कार्ययोजना तर्जुमा तथा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ। आन्तरिक राजस्व सुधार तथा अभिवृद्धि कार्यक्रम वित्तीय स्रोत परिचालन तथा पूँजी निर्माण कार्यक्रम कार्यान्वयनमा रहेका छन्।

### ७.४.२. समस्या तथा चुनौती

विद्यमान कर प्रणाली व्यवहारिक नहुनु, पेश्की फर्छ्यौट नहुनु, बेरुजु अवस्था सुधारात्मक नहुनु, लेखा समितिबाट प्रभावकारी रुपले लेखा अनुगमन तथा सुपरिवेक्षण नहुनु, नगरपालिकाको राजस्व संकलनको सम्भावना रहेता पनि करको दायरा विस्तार हुन नसक्नु कमजोरीका रुपमा रहेको छ। श्रोतको परिचालनमा मितव्ययिता तथा विनियोजन कुशलता यस क्षेत्रका चुनौतिहरु हुन्।

### ७.४.३ क्षेत्रगत सोच

"सुदृढ र व्यवस्थित स्रोत परिचालन तथा प्रविधिमैत्री राजस्व प्रणाली"

### ७.४.४ उद्देश्य

१. दिगो र भरपर्दो राजस्वको श्रोत निर्माण गर्नु।

२. श्रोत परिचालनमा मितव्ययीता र कुशलता कायम गर्नु।

### ७.४.५ रणनीति

१. राजस्व सुधार कार्ययोजनाका आधारमा आन्तरिक राजस्वको दरमा पुनर्मूल्याङ्कन र दायरा विस्तार गर्ने।

२. आन्तरिक राजस्व प्रणालीलाई सुदृढ तुल्याउने ।

३. अन्य तहको सरकारबाट हासिल हुने अनुदान लगायत अन्य सहयोग हासिल गर्न आवश्यक आधारहरु तयार गर्ने।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका नं. ७.१०: राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | २०७८/७९ सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ०८२/८३ |
| वार्षिक आन्तरिक आय रकम | रू। | २४१५४८७३६ | २८०८८३६४९ | २५८६४६३७८ | १२३३६७७०० | १०९७०४४७० |
| कुल वार्षिक बजेट | रू। | ९२३६४७१४७ | ९८७८७९५४० | १३०४०७६६३८ | १२७२७६०९८६ | १३६९४६७०८४ |
| वार्षिक कारोवारको तुलनामा बेरुजु | प्रतिशत | ०.३५ | ०.३५ | - | - | - |

*स्रोत: आवधिक नगर विकास योजना/विषयगत विवरण*

### ७.४.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका नं. ७.११: राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/०८१ | २३५९ | २८३ | २०७६ | ० | ४०० | १९५९ | ० | ० |
| २०८१/०८२ | २५९४ | ३११ | २२८२ | ० | ४४० | २१५४ | ० | ० |
| २०८२/०८३ | २८५३ | ३४२ | २५१० | ० | ४८४ | २३६९ | ० | ० |

### ७.४.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका नं. ७.१२: राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क.स. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उन्नत जातको बाख्रा पाठा वितरण कार्यक्रम | माशुमा आत्मनिर्भर बन्ने। | २०८०/०८१ | २०० | माशुमा आत्मनिर्भर भएको हुनेछ। |
| २ | सिलाइ कटाई तालिम | स्वरोजगार बन्ने वातावरण न्बिर्मान गर्ने। | सालवसाली | ५५० | स्वरोजगार बन्ने वातावरण निर्माण भएको हुनेछ। |
| ३ | बेकरी पाउरोटी तालिम | उद्यमशिलताको विकास गर्ने। | सालवसाली | १०० | उद्यमशिलताको विकास भएको हुनेछ। |

### ७.४.९ जोखिम तथा अनुमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालन भएमा अपेक्षित नतिजा हुनेछ। सबै खालको राजस्व वृद्धिको आधारहरु तयार गर्न नसके लक्ष्य हासिल गर्न कठिन हुनेछ।

## अनुसूची १

### १.मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क्र. स. | नाम | पद | समुह |
|---|---|---|---|
| १ | अशोक घिमिरे | सदस्य सचिव | सामाजिक विकास समिति |
| २ | चन्द्र कला सुब्बा | सदस्य | |
| ३ | तोयानाथ घिमिरे | सदस्य | |
| ४ | अम्विका प्रसाद लुईँटेल | सदस्य सचिव | आर्थिक विकास समिति |
| ५ | बद्रि प्रसाद भट्टराई | सदस्य | |
| ६ | तारा प्रसाद गुरागाईं | सदस्य | |
| ७ | कविता ढुंगाना | सदस्य | |
| ८ | रोशन उदास | सदस्य सचिव | पूर्वाधार विकास समिति |
| ९ | पोखराज शाह | सदस्य | |
| १० | हिमांशु देव | सदस्य | |
| ११ | तायाहाङ राइ | सदस्य | |
| १२ | भारत अधिकारी | सदस्य सचिव | वन वातावरण तथा विपद व्यवस्थापन समिति |
| १३ | रोशन उदास | सदस्य | |
| १४ | कन्चन भट्टराई | सदस्य | |
| १५ | विकास दाहाल | सदस्य सचिव | सुशासन तथा संस्थागत विकास |
| १६ | कुबेर ढकाल | सदस्य | |
| १७ | भारत अधिकारी | सदस्य | |
| १८ | रोशन ठाकुर | सदस्य | |
| १९ | सुमित खवास | सदस्य | |

## अनुसूची २ मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशाला गोष्ठीमा सहभागीहरु

श्री

आज मिति २०८० साल वैशाख २४ गते आइतवारका दिन बिहान ६ बजे उर्लावारी नगरपालिकाको मध्यमकालिन खर्च संरचना (Medium Term Expenditure Framework MTEF) तर्जुमाका लागि कार्यशाला गोष्ठीमा यस नगरपालिकाका नगर प्रमुख श्री गंगा प्रसाद खरेल ज्यूको अध्यक्षतामा संचालन भएको कार्यक्रममा देहाय अनुरुपको उपस्थिति रह्यो।

उपस्थिति

१. श्री गंगा प्रसाद खरेल (नगर प्रमुख)
२. श्री मिना कुमारी खतिवडा (नगर उप-प्रमुख)
३. श्री मुरारि प्रसाद घिमिरे (नि. प्र.प्र.अ.)
४. श्री नारायण ~~प्रसाद~~ कोइराला
५. श्री चक्र बहादुर खत्री
६. श्री गणेश प्रसाद तिम्सिना
७. " कल्याण कुमार राई उर्लावारी - ४
८. " तिलक कुमार राई " - १
९. " मिलन [illegible] " ३
१०. श्री हरि खतिवडा उर्लावारी-४ नगरप्रमुखको [illegible]
११. श्री भावना भट्टराई सहायक पाँचौं
१२ श्री भगवती आचार्य सहायक चौथो उर्लावारी न.पा
१३ श्री कविता दुंगाना " पाँचौं " "
१४. श्री विश्वास दाहाल, अधिकृत
१५ श्री नगेन्द्र प्रसाद तिमिल्सिना अधिकृत छैठौं
१६. श्री [illegible] [illegible] सू. प्र. अ.
१७ श्री [illegible] प्र. [illegible] - कृ. अ.
१८. श्री भरत अधिकारी - अधिकृत, उर्लावारी न.पा.
१९. श्री रेणुका प्रसाद कार्की सि.अ.हे.व. अधिकृत
२० श्री [illegible] बाजा, ३ नं वडा सचिव
२१. श्री योगराज दाहाल ६ " " "
२२ श्री विष्णु प्रसाद भट्टराई व.[illegible].प्रा.
२३. श्री चन्द्रकला सुब्बा स्वा.दि.अ.
२४ कुबेर [illegible] कर्मचारी (३ नं. [illegible])

२६. पवन नेपाल, ४ नं. वडा सचिव
२७. रोशन रजापाल सहायक पाँचौ
२८. तेघनाथ घिमिरे अधिकृत छैठौं
२९. रेणुका प्र. पोखरेल ,, ईंहौं
३०, नगेन्द्र प्रसाद सिम्खडा ,, ,,
३१, कुबेर खड्का अमिन
३२. परिवराज साह इन्जिनियर
३३ कल्पना खड्का का पा का सदस्या
३४ सन्त कुमारी वि क का. पा. स.
३५ विकाश दहाल, अधिकृत
३६. रुद्र प्रसाद लामिछाने वडा सदस्य - ८
३७ बिमला लिम्बु ,, ,, - ९
३८ कंचन भट्टराई अधिकारी ४ नं वडा सचिव
३९ चित्रकुमारी बस्नेत ८ ,,
४० सम्झु आचार्य कृषि शाखा (कृषि स्नातक)
४१ ज्योति घिमिरे वडा सदस्य - ३
४२. कृष्ण कुमार थापा ,, ,, - ३
४३. सपना थापा, ३ नं वडा सचिव
४४. कविता दुगाना सहायक पाँचौ नं.पा.
४५. भावना भट्टराई सहायक पाँचौं ४ नं. वडा कार्यालय
(४६) मिलन राज बुढाथोकी कर्मचारी - ३
(४७) उर्मिला थापा कर्मचारी - ६ वडा अध्यक्ष
(४८) रोशन उप्रेती इन्जिनियर
(४९) Sunil Dhimal कार्यपालिका सदस्य

श्री

आज मिति २०८० साल वैशाख २५ गते सोमवारका दिन बिहान ६ बजे उर्लाबारी नगरपालिकाको आ० व २०८०/०८१ – २०८२/०८३ का लागि मध्यमकालिन खर्च संरचना ( Medium Term Exp-enditure framework MTEF) तर्जुमा कार्यशाला गोष्ठीको दोस्रो दिनको कार्यक्रममा देहाय अनुसारको उपस्थिति रहयो ।

उपस्थिति

१. श्री गंगा प्रसाद खरेल (नगर प्रमुख)
२. श्री मिना कुमारी खतिवडा (नगर उप-प्रमुख) [signature]
३. श्री मुरारी प्रसाद घिमिरे (नि. प्र. प्र. अ) [signature]
४. श्री नारायण कोइराला (प्रशिक्षक)
५. श्री गणेश प्रसाद तिम्सिना (प्रशिक्षक)
६. श्री चक्र बहादुर खत्री (प्रशिक्षक)
७. श्री कल्याण कुमार राई वडा अध्यक्ष - उर्लाबारी-४ [signature]
८. श्री तिलक कुमार पाण्डे " " १ [signature]
९. श्री कुमार कंडेल " " २ [signature]
१०. श्री मन माया तामाङ वडा १०/का.स० " ६ [signature]
११. श्री सिता बुढाथोकी वडा ६०/का०स० " २ [signature]
१२. श्री चन्द्रकला सुब्बा रा० दि० अ० [signature]
१३. श्री भगवती आचार्य सहायक चौथो [signature]
१४. श्री हरि खतिवडा (नगरप्रमुखको सचिवालय) [signature]
१५. श्री अम्बिका प्र. लुईटेल (क. अ.) [signature]
१६. श्री विश्वनाथ ढकाल (वडा सचिव ६ नं.) [signature]
१७. श्री बाल कुमार बराल (वडा सचिव ६ नं.) [signature]
१८. श्री योगराज दाहाल " ९ नं [signature]
१९. श्री विजय प्र. भट्टराई प्र.प्र. प्र. [signature]
२०. श्री बद्रि भट्टराई " " [signature]
२१. श्री भरत अधिकारी " [signature]
२२. श्री कृष्णबाबु डंगोल [signature]
२३. राम बहादुर मुर्मेला – १२. वडा सचिव – [signature]
२४ मान क. बस्नेत वरिष्ठ अधिकृत निरीक्षक [signature]
२५. दिपक गौतम ४ नं. वडा सचिव [signature]

# अनुसूची ३ कार्यशालाका फोटोहरु

| | |
|---|---|
|  |  |
|  |  |

|  |  |
|---|---|